# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, वैशाख २७ गते, २०८१ साल (संख्या ०२


## भाग ३

### गण्डकी प्रदेश सरकार

### सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको सूचना

### गण्डकी प्रदेश स्वास्थ्य तालिम रणनीति (२०८०-२०८७)


**सारसंक्षेप**

नेपालको संविधानले परिकल्पना गरेअनुसार नागरिकको आधारभूत स्वास्थ्य सेवा पाउने मौलिक हकलाई सुनिश्चित गरी प्रदेशभित्र बसोवास गर्ने आम नागरिकसम्म गुणस्तरीय आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच पुऱ्याउनु प्रदेश सरकारको महत्त्वपूर्ण दायित्व हो। गण्डकी प्रदेश सरकारले परिकल्पना गरेअनुरूप "समृद्ध प्रदेशका लागि स्वस्थ र सुखी नागरिक" को लक्ष्य प्राप्तिका लागि जनशक्तिको क्षमता अभिवृद्धि गरी सार्वजनिक क्षेत्रको महत्त्वपूर्ण स्रोतमा रूपान्तरण गरी स्वास्थ्य सेवाको स्तर सुधार गर्न

आवश्यक छ। सङ्घीय संरचना अनुरूप स्वास्थ्यसम्बन्धी तालिमका लागि प्रदेश स्तरमा प्रशिक्षक विकास तथा प्रमाणीकरण, तालिम साइट प्रत्यायन एवं स्तरोन्नति, निजी एवं सरकारी क्षेत्रसँग समन्वय, सहकार्य तथा प्रभावकारी सहभागिता हुने वातावरण तयार गर्न, आवश्यकता र सान्दर्भिकताअनुरूप पाठ्यक्रमको विकास तथा संशोधन र स्थानीय तहको बढ्दो तालिमको मागलाई सम्बोधन गर्नका लागि आर्थिक साझेदारीमा एकद्वार प्रणालीबाट तालिम व्यवस्थापन र नियमन गर्न रणनीतिक कार्यदिशा तय गर्ने सर्न्दभमा यो रणनीति अपरिहार्य रहेको छ ।

दक्ष, सक्षम र सेवा उन्मुख स्वास्थ्य जनशक्तिमार्फत गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने भावी सोचसहित गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न प्रभावकारी प्रदेश स्वास्थ्य तालिम प्रणालीको विकास गरी उपयुक्त ज्ञान र सिपयुक्त एवं पेशागत आचरणप्रति प्रतिबद्ध जनशक्तिमार्फत सेवा प्रवाह सुनिश्चित गर्ने यस रणनीतिको मुख्य ध्येय रहेको छ। तालिम आवश्यकता पहिचान, नवीनता तथा सृजनशीलतामा आधारित योजनाबद्ध तालिम प्रणालीको विकास, तालिममा बहुपक्षीय समन्वय, सहकार्य र साझेदारी, तालिम पाठ्यक्रम तथा स्रोत विकास/परिमार्जन, तालिम मानकीकरण, प्रत्यायन तथा प्रमाणीकरण, तालिम कार्यान्वयन तथा व्यवस्थापन, तालिम नियमन, अनुगमन, अध्ययन/अनुसन्धान तथा दक्षता पुनर्मूल्यांकनलाई रणनीतिक आधार स्तम्भका रूपमा अबलम्बन गरेको छ ।

प्रदेशमा स्वास्थ्य तालिम प्रदायक संस्थाहरूको योजनाबद्ध विस्तार र क्षमता विकास गर्ने, सम्बिन्धत निकायहरू बीच आवश्यक सहकार्य, समन्वय तथा साझेदारीका साथै लागत साझेदारीमा स्वास्थ्यका तालिम सञ्चालन गर्ने, तालिम आवश्यकता पहिचान गरी उपयुक्त पाठ्यक्रम तथा सामग्री विकास एवं आवश्यक स्रोतको व्यवस्था गर्ने, स्वास्थ्य सेवाका तालिम मानकीकरण गर्ने र आवश्यकताअनुसार गुणस्तर मापदण्डका आधारमा तालिम

साइट, प्रशिक्षकहरूलाई प्रत्यायन तथा प्रमाणीकरण गर्ने, प्रदेशको आवश्यकता र प्राथमिकताको आधारमा स्वास्थ्यका विविध विधा र विषयगत क्षेत्रका तालिम प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने र तालिम नियमन, अनुगमन, अध्ययन/अनुसन्धान तथा दक्षता पुर्नमूल्याङ्कन संयन्त्र विकास गरी तालिमको प्रभावकारितामा अभिवृद्धि गर्ने जस्ता रणनीतिहरू अवलम्वन गरेको छ ।

यस रणनीतिको कार्यान्वयन मुख्यतया सङ्घीय, प्रादेशिक वार्षिक विकास कार्यक्रम, स्थानीय तह, निजी क्षेत्र, प्राज्ञिक तथा विकास साझेदार संस्थाको लागत साझेदारीमार्फत प्राप्त हुने रकमबाट गरिनेछ भने स्वास्थ्य तालिम केन्द्र र सम्बन्धित तालिम साइटमा कार्यरत कर्मचारी नै मुख्य जनशक्ति तथा स्रोतव्यक्ति रहनेछन्। रणनीतिको समग्र कार्यान्वयनको स्थिति मात्र नभई स्वास्थ्य तालिमको अल्पकालीन तथा दीर्घकालीन असर र यसले समग्र स्वास्थ्य क्षेत्रमा पारेको प्रभावको मूल्याङ्कन तथा समीक्षा गरिनुपर्ने विषयवस्तु पनि यस रणनीतिले समेटेको छ ।

## विषय सूची


सारसंक्षेप....................................I
विषय सूची....................................IV
पृष्ठभूमि....................................१
स्वास्थ्य तालिमको विद्यमान अवस्था....................................२
स्वास्थ्य तालिमको विद्यमान चुनौती र अवसर....................................५
स्वास्थ्य तालिम रणनीतिको नीतिगत सन्दर्भ....................................७
रणनीतिको औचित्य....................................११
रणनीतिको दायरा....................................१३
रणनीतिका निर्देशक सिद्धान्तहरू....................................१३
भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्य....................................१४
  भावी सोच....................................१४
  ध्येय....................................१४
  लक्ष्य....................................१४
  उद्देश्य....................................१५
रणनीतिक आधार स्तम्भहरू....................................१५
रणनीति तथा कार्यनीतिहरू....................................१६
कार्यनीति कार्यान्वयनका प्रमुख क्रियाकलापहरू....................................१९
रणनीति कार्यान्वयनका लागि स्रोत तथा संयन्त्रगत व्यवस्था....................................६३
रणनीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन....................................६८
सन्दर्भ सामाग्री....................................७०
अनुसूची....................................७२
  अनुसूची १ः रणनीति कार्यान्वयनको मूल्याङ्कनका आधारहरू....................................७२
  अनुसूची २ः प्रदेश स्वास्थ्य तालिम रणनीति मस्यौदा तर्जुमा कार्यदल....................................७३

## पृष्ठभूमि

नेपालको संविधानले परिकल्पना गरेअनुसार नागरिकको आधारभूत स्वास्थ्य सेवा पाउने विषय मौलिक हक हुने, साथै कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने भनी उल्लेख भइसकेको अवस्थामा प्रदेश भित्र बसोवास गर्ने आम नागरिकसम्म गुणस्तरीय आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच पुऱ्याउनु प्रदेश सरकारको महत्त्वपूर्ण दायित्व रहेको छ। जनस्वास्थ्य सेवा ऐन, २०७५ ले निःशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवा पाउने हक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ बनाई आम नागरिकको पहुँच स्थापना गर्ने कानूनी व्यवस्था गरेको छ। राष्ट्रिय स्वास्थ्य नीति, २०७६, गण्डकी प्रदेश स्वास्थ्य नीति, २०७८, दिगो विकास लक्ष्य, पन्धौं पञ्चवर्षीय योजना, नेपाल स्वास्थ्य क्षेत्र रणनीति तथा अन्य कार्यक्रमसम्बन्धी रणनीतिहरू र प्रदेश आवधिक योजनाले तय गरेका प्रतिवद्धतालाई सार्थक बनाउन स्वास्थ्यकर्मीको ज्ञान, सिप  र धारणामा अभिवृद्धि गर्नु आवश्यक छ । विद्यमान नीति तथा कार्यक्रमका प्राथमिकता, लक्ष्य तथा उद्देश्यअनुरूप सेवाप्रति उत्प्रेरणा र सकारात्मक परिवर्तन ल्याई प्रतिबद्ध, कर्तब्यनिष्ठ र उत्तरदायी जनशक्ति तयार गर्न गुणस्तरीय तालिम कार्यक्रमले सघाउ पुऱ्याउँदछ। जनशक्ति सङ्गठनको महत्त्वपूर्ण स्रोत  हो। जनशक्तिको सक्षमता र सङ्गठनको कार्य प्रभावकारिता प्रत्यक्ष सम्बन्धित हुन्छन्। विविध सीमितताको कारण स्वास्थ्य संस्थामा बजारबाट दक्ष जनशक्ति प्राप्त नहुन सक्छ। तसर्थ, आफ्नो जनशक्तिको सक्षमता विकास सङ्गठन आफैंले गर्नुपर्दछ। प्रदेश सरकारको तीव्र गतिमा समृद्धि हासिल गर्ने  लक्ष्य प्राप्तिको लागि जनशक्तिको क्षमता बढाई सार्वजनिक क्षेत्रको महत्त्वपूर्ण स्रोतमा रूपान्तरण गरी स्वास्थ्य सेवाको स्तर सुधार गर्नुपर्ने अवस्था छ।

तालिम जनशक्तिको क्षमता विकासको एक मुख्य औजार हो। तालिमले कार्य सम्पादनको लागि आवश्यक ज्ञान र सिप हस्तान्तरण गर्नुका साथै धारणा र व्यवहार परिवर्तन गर्दछ। यसले वर्तमान र भविष्यमा गरिने कामको लागि आवश्यक पर्ने जनशक्ति तयार गर्नुका साथै नवप्रवर्तनको लागि सक्षम बनाउँछ। यसर्थ, स्वास्थ्य संस्था र स्वास्थ्य जनशक्तिको आवश्यकताअनुसार ज्ञान, सिप र व्यवहार परिवर्तनसँग सम्बन्धित विषयलाई विभिन्न अनुपातमा तालिम दिइन्छ। तालिममा आवश्यकता पहिचान, पाठ्यक्रम निर्धारण, प्रविधि छनौट, कार्यान्वयन र मूल्याङ्कन जस्ता मुख्य चरणहरू रहन्छन्। तालिमले जनशक्तिको कार्य संलग्नता बढ्छ, जसबाट अन्ततः स्वास्थ्य सस्थाको उत्पादकत्व वृद्धिमा योगदान पुग्नुका साथै कर्मचारीको वृत्ति विकासमा सहयोग पुऱ्याउँदछ।

गण्डकी प्रदेशमा सञ्चालन गरिने स्वास्थ्य कार्यक्रमलाई समय सापेक्ष बनाउन र स्वास्थ्य क्षेत्रको जनशक्तिलाई दक्ष बनाउन व्यवसायिक तालिम तथा प्रयोगात्मक अभ्यास र अनुसन्धानमा जोड दिइएको छ।स्वास्थ्यसँग सम्बन्धित जनशक्तिको विकासले स्वास्थ्य सेवाको गुणस्तर सुधार र सेवा विस्तारमा महत्त्वपूर्ण भूमिका रहने हुनाले सङ्घीय संरचनामा हालसम्मका उपलब्धिहरूलाई संस्थागत गर्दै प्रादेशिक परिवेशमा स्वास्थ्यसम्बन्धी तालिमहरूको नियमन, प्रमाणीकरण र प्रत्यायन तथा स्वास्थ्यकर्मीहरूको ज्ञान, सिप र धारणामा विकास तथा क्षमता अभिवृद्धि गरी प्रादेशिक आवश्यकताअनुसार गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह र विस्तार गर्न समय सापेक्षिक तालिम पाठ्यक्रम तर्जुमा तथा सञ्चालन गर्न मार्गदर्शन प्रदान गर्नको लागि प्रदेश स्वास्थ्य तालिम रणनीति तर्जुमा गरिएको छ।

**स्वास्थ्य तालिमको विद्यमान अवस्था**

गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयअन्तर्गत स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिको ज्ञान, सिप र क्षमता विकास

गर्ने मुख्य निकाय हो । स्वास्थ्य तालिम केन्द्रले प्रदेशमा स्वास्थ्यसँग सम्बन्धित विभिन्न तालिमको सञ्चालन तथा व्यवस्थापनको सुनिश्चितता गर्दछ। प्रदेश स्तरमा स्वास्थ्यसम्बन्धी तालिमको आवश्यकता पहिचान, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, स्थानीय र सङ्घीय तहबीच सहकार्य तथा समन्वयकारी भूमिका निर्वाह गर्ने र तालिम कार्यक्रमहरू तोकिएको समयमा सञ्चालन र व्यवस्थापन गर्दछ।

स्वास्थ्य तालिमहरू सञ्चालन तथा व्यवस्थापनका लागि गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्रले प्रदेशअन्तर्गतका ११ जिल्लाका स्वास्थ्य कार्यालयहरू, अस्पतालहरू, आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्र तथा अन्य स्वास्थ्य सरोकारवालाहरूसँग समन्वय गर्दै राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रसँग आवश्यक सहकार्य गरि एकीकृत प्रणालीमा जोड दिँदै आइरहेको छ ।क्लिनिकल तालिम सञ्चालनको लागि धौलागिरि अस्पताल, लमजुङ अस्पताल, शिशुवा अस्पताल, मातृशिशु मितेरी अस्पताल र प्रस्तावित तालिम साइटहरूमा बेनी अस्पताल रहेका छन्। यस प्रदेश भित्र सङ्घीय अस्पतालका रूपमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पनि तालिम साइटको रूपमा रहेको छ। यस बाहेक केही तालिमहरू र अभिमुखीकरण कार्यक्रम प्रदेश मातहतका अन्य कार्यालयहरू बाट पनि सञ्चालन हुदै आइरहेका छन्। प्रदेशभित्र तालिम साइट स्थापना हुन नसकेका कारण धेरै तालिमहरू प्रदेश बाहिरका तालिम साइट मा सञ्चालन गर्नुपर्ने बाध्यता रहेको छ। स्वास्थ्य तालिम केन्द्रले प्रदेशमा विभिन्न स्वास्थ्यसँग सम्बन्धित तालिमको आवश्यकता अध्ययन, तालिम योजना, पाठ्यक्रम विकास, तालिम सञ्चालन र तालिम मूल्याङ्कन कार्यहरू गर्दै आइरहेको छ। विद्यमान अवस्थामा स्पष्ट तालिम रणनीतिको अभावमा निम्नलिखित बुँदाहरू सम्बोधन गर्न सकिएको छैन।

- तालिमको मागअनुसार तालिम सञ्चालन गर्न,

- तालिम साइट विस्तार हुदै गएतापनि प्रदेशमा Rural Obstetrics Ultrasonography (RoUSG), Operation Theatre Techniques and Management (OTTM), Renal Hemodialysis, Intensive Care Unit (ICU) लगायत अन्य तालिमहरू को साइट विस्तार गर्न,
- निजी स्वास्थ्य तथा शैक्षिक संस्थाहरूलाई तालिम आवश्यकताअनुसार तालिममा समावेश गराउन,
- स्थानीय तहहरू को आर्थिक साझेदारीमा तालिम सञ्चालन गर्न,
- सबै क्षेत्र तथा निकायबाट तालिम सञ्चालन हुँदा दोहोरोपन हटाउन, अभिलेखीकरण गर्न, गुणस्तर कायम गर्न र एकद्वार प्रणालीमा ल्याउन,
- तालिमको प्रभावकारिता अध्ययन र अध्ययनको नतिजाअनुसार योजना बनाउन,
- सहयोगी संस्थाहरूसँग समन्वयमा तालिमको योजना बनाई एकीकृत रूपमा तालिम सञ्चालन गर्न।

समग्र स्वास्थ्य प्रणालीको स्तरोन्नति गर्ने क्रममा रहेको सङ्घीय, प्रादेशिक तथा स्थानीय तहको योजनामा स्वास्थ्य तालिमका माध्यमद्वारा टेवा पुऱ्याउन स्वास्थ्य तालिम केन्द्रले प्रदेशमा स्वास्थ्यसँग सम्बन्धित तालिमको योजना निर्माण तथा कार्यान्वयन, विकास साझेदार संस्थाहरूसँग समन्वय सुदृढीकरण, तालिम सूचना व्यवस्थापन, तालिम सञ्चालन तथा व्यवस्थापनका समस्याहरूको पहिचान र समाधानका उपायहरूको खोज, तालिम साइटहरूको सुदृढीकरण तथा विस्तार, तालिम प्राप्त जनशक्तिको प्रमाणीकरण, तालिम सञ्चालनका लागि आवश्यक स्रोत सामाग्री व्यवस्थापन साथै प्रदेशको आवश्यकताअनुसार नयाँ पाठ्यक्रम विकास गर्दै आएको छ।

**स्वास्थ्य तालिमको विद्यमान चुनौती र अवसर**

**चुनौती**

- प्रादेशिक स्वास्थ्य मानव संसाधन रोडम्याप र सोहीअनुरूप बहुबर्षीय तालिम कार्यान्वयन योजना नहुनु,
- तालिम आवश्यकता पहिचान वा निर्धारण गर्ने निश्चित विधि र प्रक्रिया नहुनु वा कार्यान्वयनमा नल्याइनु,
- समय सान्दर्भिक तालिम पाठ्यक्रम र पाठ्य सामग्री निर्माण र परिमार्जन गर्न संस्थागत क्षमता कमजोर हुनु
- प्रशिक्षक विकास, प्रमाणीकरण, समयानुकूल स्तरीकरण तथा नियमित र निरन्तर अद्यावधिक हुन नसक्नु,
- तालिम साइटको क्षमता लेखाजोखा, व्यवस्थापन, स्तरोन्नति र नियमन तथा प्रत्यायन सम्बन्धी व्यवस्था प्रभावकारी रूप मा कार्यान्वयन नहुनु,
- तालिममा सहभागी मनोनयन गर्दा सेवा प्रवाह र विस्तारलाई टेवा पुग्ने गरी निर्दिष्ट मानक तय नहुनु,
- प्रादेशिक तहमा तालिम सूचना व्यवस्थापन प्रणाली प्रयोग भएता पनि जिल्ला तथा स्थानीय तहबाट सञ्चालित तालिम समावेश हुन नसक्नु,
- तालिमको गुणस्तर सुनिश्चित तथा प्रमाणीकरण गर्न एकद्वार प्रणालीमा तालिम कार्यक्रम सञ्चालन नहुनु,
- तालिम साइट को न्यूनतम मापदण्ड सुनिश्चित गर्ने, प्रशिक्षक पहिचान तथा रोस्टर अद्यावधिक गर्ने, सहभागी छनौट लगायतका विषयमा वस्तुपरक प्रणालीको अभाव,
- तालिमको प्रभावकारिता तथा प्रभाव सम्बन्धमा अनुसन्धान हुन नसक्नु,

- गुणस्तरीय तालिम सञ्चालनको लागि सङ्घीय, प्रादेशिक र स्थानीय तहहरू बीच आवश्यकता र दृष्टिकोणमा विविधता,
- विभिन्न सरकारी एवं गैर सरकारी संस्था तथा प्राज्ञिक क्षेत्रका सरोकारवालाहरू र तालिम केन्द्रबीच प्रभावकारी समन्वय र सहकार्य नहुनु।

**अवसर**

- स्वास्थ्य जनशक्तिको क्षमता विकासका लागि प्रादेशिक स्तरमा स्वास्थ्य तालिम केन्द्र स्थापना हुनु,
- प्रदेश र स्थानीय तहहरूले आफ्नै स्रोतका आधारमा तालिमसम्बन्धी कार्य गर्न, गराउन क्रियाशील र सक्षम हुनु,
- स्थानीय तहलाई समेत स्वास्थ्य सेवा क्षेत्रको जनशक्तिको क्षमता विकास र उपयोग सम्बन्धी अधिकार हुनु,
- प्रदेशको आवश्यकताअनुरूप तालिमको पाठ्यक्रम र पाठ्य-सामग्री निर्माण तथा परिमार्जन गरी लागू गर्नु वा अन्य प्रदेश तथा निकायले तयार गरेको लागु गर्नु,
- प्रदेश स्तरमा प्रशिक्षक प्रमाणीकरण र तालिम साइट प्रत्यायन एवं तालिम गुणस्तर अभिवृद्धि, सहभागी छनौट तथा तालिम सूचना व्यवस्थापनसम्बन्धी आवश्यक व्यवस्था गरी लागू गर्न सक्नु,
- प्रदेश स्तरमा तालिम रणनीति तय गरी लागू गर्न सक्नु,
- सङ्घ, प्रदेश र स्थानीय तहले स्वास्थ्य सेवासम्बन्धी संविधान प्रदत्त अधिकार बाडफाँट भएअनुसार कार्यान्वयन गर्न सक्षम हुनु,
- तालिम कार्यक्रमको प्रभावकारिता अध्ययन, अनुसन्धानको कार्य सुरुवात हुनु,
- जनशक्ति विकासमा स्वास्थ्य क्षेत्रका निजी एवं सरकारी संस्थासँग सहकार्यको सम्भावना अत्यधिक रहनु,

- जनशक्तिको क्षमता विकासमा विकास साझेदारहरूको उल्लेखनीय सहभागिता र रुचि रहनु तथा राष्ट्रव्यापी रूपमा तालिम सञ्जाल हुनु,
- मिश्रित सिकाइ (Blended Learning) को सिद्धान्तअनुसारका पाठ्यक्रमको विकास तथा आवश्यक संस्थागत क्षमता सुदृढीकरण गर्ने वातावरण तयार हुनु।

**स्वास्थ्य तालिम रणनीतिको नीतिगत सन्दर्भ**

**राष्ट्रिय स्वास्थ्य नीति, (२०७६)**

सङ्घीय संरचनाअनुसारको स्वास्थ्य प्रणालीमार्फत संविधान प्रदत्त नागरिकको स्वास्थ्यसम्बन्धी मौलिक हक र गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने हेतुले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यो नीति तर्जुमा गरी लागू गरेको छ। यस नीतिले स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन जनसङ्ख्या, भूगोल र सङ्घीय संरचनाअनुरूप सिप-मिश्रित दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्दै स्वास्थ्य सेवालाई व्यवस्थित गरिने कुरालाई सम्बोधन गरेको छ। स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धिका लागि उच्च शिक्षा अध्ययन, सेवाकालीन तालिम, निरन्तर पेसागत तालिम, पेसागत वृत्तिविकासका लागि स्पष्ट मार्ग तथा अवसर प्रदान गर्नुका साथै पेसागत अनुसन्धानलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्नुपर्ने आवश्यकतालाई उल्लेख गरेको छ। सबै स्थानीय तहमा रहेका प्राथमिक अस्पतालहरूमा एक एम.डी..जी.पी. चिकित्सकीय सेवा, आकस्मिक सेवा, ल्याब सेवा, फार्मेसी सेवा, नर्सिङ सेवा तथा जनस्वास्थ्य सेवाका लागि आवश्यक दरबन्दी सृजना गरी सेवा प्रवाह गरिने, गुणस्तरीय स्वास्थ्य सेवाका लागि समयानुकूल विविध विधाहरू (मिडवाइफरी, अस्पताल व्यवस्थापन, मेडिकल लिडरसिप, स्वास्थ्य अर्थशास्त्र आदि)मा विशिष्टीकृत जनशक्ति उत्पादनका लागि आवश्यक प्रबन्ध गरिने, 'एक चिकित्सक र स्वास्थ्यकर्मी - एक

स्वास्थ्य संस्था' को अवधारणा कार्यान्वयन गरिने, सबै तह र प्रकारका स्वास्थ्य संस्था तथा जनशक्तिको सूचना प्रविधिमैत्री वैज्ञानिक अभिलेखीकरण गरी नियमित रूप मा अद्यावधिक गरिने, सम्बन्धित निकायहरूको सहकार्यमा एकीकृत पाठ्यक्रम तयार गरी सबै तहका लागि आवश्यकता अनुरूप स्वास्थ्य जनशक्ति उत्पादन गरिने विषयहरू यस नीतिमा उल्लेख गरिएका छन्।

**जनस्वास्थ्य सेवा ऐन, (२०७५)**

नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवा पाउने नागरिक हकलाई सुनिश्चित गर्न र स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय बनाएर नागरिकको पहुँच बढाउने कानुनी व्यवस्थाका लागि यो ऐन लागू गरिएको छ।नेपाल सरकारले स्वास्थ्य सेवाका जनशक्तिको विकास, वितरण तथा उपयोगसम्बन्धी नीति एवं मापदण्ड तयार गरी लागू गर्ने र यस्ता मापदण्ड तोक्दा जनशक्तिको विकास, व्यवस्थापन र उपयोगका लागि दीर्घकालीन, मध्यकालीन र तत्कालीन आवश्यकताहरूको विश्लेषण र नक्साङ्कन गरी जनशक्ति, प्रविधि तथा उपकरणको प्रक्षेपणका आधारमा गरिने कुरा उल्लेख गरिएको छ।

**गण्डकी प्रदेश स्वास्थ्य नीति, (२०७८)**

गण्डकी प्रदेशले **"समृद्ध प्रदेशका लागि स्वस्थ र सुखी नागरिक"** को परिकल्पनालाई मूर्तरूप दिनका लागि स्वास्थ्य क्षेत्रमा उपलब्ध स्रोत र साधनको समुचित उपयोग गरी सविधान प्रदत्त स्वास्थ्यसम्बन्धी मौलिक हकको सुनिश्चितताका लागि गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने मुख्य ध्येयका साथ स्वास्थ्य नीति लागू गरेको छ।यस नीतिअनुसार गण्डकी प्रदेशभरी सिप-मिश्रित, विशेषज्ञ र विशिष्टीकृतसहितको दक्ष जनशक्तिबाट सेवा प्रदान गरिने कुरालाई जोड दिएको छ।

यस नीतिबमोजिम प्रदेश अस्पतालहरू मा आवश्यकताअनुसार विस्तारित सेवाको व्यवस्था गरिने, स्वास्थ्य सेवालाई प्रभावकारी रूपले सञ्चालन गर्नका लागि जनशक्तिको विकास र क्षमता अभिवृद्धि गरिने, जनशक्ति संशाधनको अधिकतम परिचालन एक छुट्टै कार्यविधिको विकास गरी स्वास्थ्यकर्मीलाई प्रोत्साहन गरिने, प्रदेश सरकारले विशेषज्ञ र विशिष्टीकृत दक्ष जनशक्ति उत्पादन गर्नका लागि छात्रवृत्तिको व्यवस्था गरिने विषयहरू उल्लेख छन्।

**पन्ध्रौं योजना,** (२०७६/७७ -२०८०/८१)

प्रस्तुत योजनाले सबै तहमा स्वास्थ्य प्रणालीको विकास र विस्तारका माध्यमबाट जनताको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने कुरामा जोड दिएको छ। सङ्घ, प्रदेश र स्थानीय तहमा अस्पताल तथा स्वास्थ्य संस्थाको विकास र विस्तार गर्ने र जनसाङ्खिकी वितरण, भौगोलिक अवस्था र आवश्यकताका आधारमा सामाजिक उत्तरदायित्व बहन गर्न सक्ने सिप मिश्रित र सक्षम जनशक्ति उत्पादन गर्ने कुरा उल्लेख गरिएको छ। यस योजनाले 'एक चिकित्सक/स्वास्थ्यकर्मी – एक स्वास्थ्य संस्था' अवधारणालाई क्रमशः सबै सरकारी स्वास्थ्य संस्थामा लागू गरिने र उक्त अवधारणाको प्रभावकारी कार्यान्वयन गर्न र सेवामा पहुँच विस्तार गर्न सरकारी अस्पतालहरूमा थप सुविधासहित विस्तारित स्वास्थ्य सेवा सञ्चालन गरिने, स्वास्थ्य संस्थाको संख्या, प्रकार, स्थान र आवश्यक स्वास्थ्य जनशक्ति निर्धारण गर्न आधुनिक प्रविधि र निश्चित मापदण्डको विकास गरी गुरुयोजना तयार गरी कार्यान्वयन गरिने, देशको आवश्यकता र उपलब्ध आर्थिक स्रोत लाई प्राथमिकताका आधारमा स्वास्थ्य सेवाका विभिन्न क्षेत्रका लागि छात्रवृत्ति उपलब्ध गराइने कुराहरूलाई समेटेको छ।

त्यस्तै पन्ध्रौं योजनाले मानव संसाधन विकास अन्तर्गत सक्षम, निपुण, दक्ष र उत्पादक मानव संसाधनको विकास गर्ने ध्येयका साथ बजारको माग र आपूर्तिबीच सन्तुलन कायम

गर्दै सामाजिक र आर्थिक रूपान्तरणका लागि मानव संसाधन विकास गर्ने लक्ष्य लिएको छ।

**नेपालको स्वास्थ्य जनशक्तिसम्बन्धी राष्ट्रिय रणनीति, (२०७७/७८ -२०८६/८७)**

स्वास्थ्य सेवामा सर्वव्यापी पहुँचको विश्वव्यापी लक्ष्य हासिल गर्न देशको स्वास्थ्य सेवा प्रणालीमा स्वास्थ्य जनशक्तिको समान वितरण गर्ने ध्येयका साथ यो रणनीति तर्जुमा गरी लागू गरिएको छ। यस रणनीतिले सिप मिश्रित अवधारणालाई एक प्रमुख मार्गदर्शक सिद्धान्तका रूप मा अवलम्बन गरेको छ। जसअनुसार, स्वास्थ्य जनशक्ति व्यवस्थापनमा उपयुक्त सिप सम्मिश्रणको अवधारणा लागू गर्ने र आवश्यकताअनुसार ज्ञान तथा सिप हस्तान्तरणको अवधारणा कार्यान्वयन गर्ने कुरामा विशेष जोड दिएको छ। यस रणनीतिको मुख्य लक्ष्य सङ्घीय शासकीय संरचनाअनुरूप सिप मिश्रित दक्ष स्वास्थ्य जनशक्तिको उत्पादन, विकास र परिचालन गर्ने रहेको छ। त्यसैगरी सम्बन्धित सरोकारवालाहरू बीचको सहकार्यमा उपलब्ध स्रोतसाधनको अधिकतम प्रयोग गरी जनसङ्ख्या, भूगोल र सङ्घीय संरचना अनुरूप उक्त क्षमताको जनशक्तिको उत्पादन, विकास र परिचालन गर्ने कुरा उल्लेख गरिएको छ।

**गण्डकी प्रदेशको निजामती ऐन तथा नियमावली, (२०७९)**

गण्डकी प्रदेश निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै प्रदेश निजामती प्रशासनलाई व्यावसायिक, मर्यादित र प्रभावकारी बनाउन प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ। यस ऐनको दफा ३६ बमोजिम कुनै पनि निजामती कर्मचारीको कार्यक्षमताका आधारमा हुने बढुवाको एक आधारका रूपमा तालिमलाई पनि समावेश गरेको छ। सेवाकालीन तालिमबापत प्रथम श्रेणीको लागि दुई अङ्क, द्वितीय श्रेणीको लागि एक दशमलव सात पाँच अङ्क र तृतीय श्रेणीको लागि एक दशमलव पाँच

शुन्य अङ्क प्रदान गरिने, कर्मचारीलाई तालिमको अङ्क दिँदा तिस कार्यदिन वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित विषयको सेवाकालीन तालिमबापत अङ्क दिइने व्यवस्थाहरू उल्लेख गरेको छ । गण्डकी प्रदेश निजामती सेवा नियमावली अन्र्तगत सेवाकालीन तालिमबापतको अङ्क दिँदा तालिमको प्रमाणपत्रमा उल्लेखित श्रेणीका आधारमा दिइने सम्बन्धित प्रमाणपत्रमा श्रेणी नखुलेको तालिमबापत द्वितीय श्रेणीको अङ्क दिइने, कुनै कर्मचारी एकै पटक वा पटक पटक गरी दुई महिना भन्दा बढी अवधि वैदेशिक तालिममा गएको भएमा त्यस्तो कर्मचारीलाई त्यस्तो तालिमका अवधिको भौगोलिक क्षेत्रबापत ऐनको दफा ३९ को उपदफा (१) बमोजिम घ वर्गको लागि तोकिएको अङ्क दिइने व्यवस्था रहेको छ।

**रणनीतिको औचित्य**

संविधानतः मौलिक हकको रूपमा स्थापित भइसकेको स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनका लागि समयानुकूल स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धि गर्न आवश्यक छ।सङ्घीय संरचनाअनुरूप स्वास्थ्य सम्बन्धी तालिमका लागि प्रदेश स्तरमा प्रशिक्षक विकास तथा प्रमाणीकरण, तालिम साइट प्रत्यायन एवं स्तरोन्नति, निजी एवं गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य तथा प्रभावकारी सहभागिता हुने वातावरण तयार गर्नुपर्ने देखिन्छ। वर्तमान आवश्यकता र सान्दर्भिकताअनुरूप पाठ्यक्रमको विकास तथा संशोधन, प्रदेशका आवश्यकता र अपेक्षाहरू साकार पार्न स्वास्थ्य सेवा प्रदायक निजी क्षेत्रमा र स्वास्थ्यसँग सम्बन्धित शैक्षिक क्षेत्रसमेतलाई समावेश गरी स्थनीय तहको बढ्दो तालिमको मागलाई सम्बोधन गर्नका लागि आर्थिक साझेदारीमा एकद्वार प्रणालीबाट तालिम व्यवस्थापन र नियमन गर्न रणनीतिक कार्यदिशा तय गर्ने सन्दर्भमा यो रणनीति अपरिहार्य रहेको छ।

देश सङ्घीय संरचनामा गएको हालको परिप्रेक्ष्यमा स्वास्थ्यका संरचनाहरू तथा सेवाहरू सङ्घीय, प्रादेशिक तथा स्थानीयअनुरूपका भएका छन्। जनताको बढ्दो स्वास्थ्य आवश्यकता पूर्ति गर्न सेवा प्रदान गर्ने संस्थाहरूको वृद्धि हुने र सोहीअनुसार विभिन्न तहका स्वास्थ्य आवश्यकतालाई पूरा गर्न थप स्वास्थ्यकर्मीहरूको व्यवस्थापन र क्षमता विकास गर्नुपर्ने छ। साथै स्वास्थ्य सेवामा निजी क्षेत्रको संलग्नता उल्लेखनीय रूपमा बढ्दो छ । सार्वजनिक तथा निजी क्षेत्रमा कार्यरत स्वास्थ्य जनशक्तिको तालिम आवश्यकता पहिचान गरी सोको परिपूर्ति गर्नु आजको प्रमुख आवश्यकता रहेको छ। स्वास्थ्य विज्ञान र प्रविधिमा भइरहेको तीव्र विकासको बारेमा जानकार भई समुचित उपयोग गर्न स्वास्थ्यकर्मीहरूलाई समय समयमा तालिम अपरिहार्य छ। रोगको प्रवृतिमा आउने परिवर्तन, देशले गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू र मुख्य सूचकाङ्कमा हासिल गर्न खोजिएको नतिजाका आधारमा नयाँ आउने कार्यक्रमका बारेमा थप ज्ञान र सिप प्रदान गर्नुपर्ने कारण तालिमको आवश्यकता पर्ने हुन्छ। मानव स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध रहने स्वास्थ्य सेवा र सोसम्बन्धी तालिमहरू अति नै संवेदनशील तथा विशेष प्रकृतिका हुने भएकाले स्वास्थ्य तालिमको संरचना तथा विधागत तालिमको व्यवस्थापन हुनेगरी तालिम प्रणालीको विकास हुन आवश्यक छ। माथि उल्लेख गरिएका आवश्यकताहरूलाई सम्बोधन गर्न यो स्वास्थ्य तालिम रणनीति तयार गर्नुपरेको हो।

कर्मचारीको क्षमता अभिवृद्धि नगरी सरकारले प्रदान गर्ने सेवा प्रभावकारी हुन सक्दैन। सेवा प्रभावकारी भए मात्र सरकार प्रभावकारी हुन्छ। यसरी कर्मचारीको क्षमता सरकारको प्रभावकारितासँग जोडिएको हुन्छ। सेवाग्राहीको आकाङ्क्षा अनुरूप कर्मचारीको सक्षमता अभिवृद्धि गरी सार्वजनिक सेवाको उत्पादकत्व बढाउँदै सरल, सहज ढङ्गले प्रभावकारी रूपमा सेवा प्रवाह गर्न र कर्मचारीको वृत्ति विकासका अवसर विस्तार गरी मनोबल उच्च बनाउँदै सेवाप्रति उत्प्रेरित गर्न जरुरी भएको वर्तमान परिप्रेक्ष्यमा प्रदेश एवं स्थानीय तहलाई

जनशक्तिको क्षमता विकासमा मार्गदर्शन एवं सहजीकरण गर्नुपर्ने पक्षलाई समेत सम्बोधन गर्न स्वास्थ्य तालिम रणनीतिको आवश्यकता परेको हो।

**रणनीतिको दायरा**

यस रणनीतिले देहायअनुसारका कार्यक्षेत्र समेटेको छ।

- ✶ स्वास्थ्यसम्बन्धी तालिम आवश्यकता पहिचान/निर्धारण तथा तालिमसम्बन्धी संस्थागत तथा संयन्त्रगत व्यवस्था र सोको कार्यान्वयन,
- ✶ तालिम पाठ्यक्रम र पाठ्य सामाग्री विकास तथा परिमार्जन,
- ✶ स्वास्थ्य सम्बन्धी तालिमहरूको अनुगमन, मूल्याङ्कन तथा दक्षता पुनर्मूल्याङ्कन (Competency Follow-up), मानकीकरण, प्रत्यायन तथा नियमन,
- ✶ स्वास्थ्यसम्बन्धी तालिमका क्षेत्र, विषय, विधि र अवधिअनुरूप तालिमको विकास तथा सोको लागि आवश्यक प्रशिक्षक उत्पादन, प्रमाणीकरण, प्रशिक्षार्थी छनौट तथा व्यवस्थापन,
- ✶ तालिमसम्बन्धी स्रोत व्यवस्थापन, सूचना व्यवस्थापन, तालिम प्रभावकारीता तथा प्रभाव मूल्याङ्कन, खोज तथा अनुसन्धान,
- ✶ स्वास्थ्य क्षेत्रको लागि आवश्यक रहेको तर बजारमा उपलब्ध हुन नसकेको जनशक्ति उत्पादन,
- ✶ विभिन्न सरकारी एवं गैरसरकारी तालिम प्रदायक संस्था, प्राज्ञिक तथा शैक्षिक क्षेत्रका सरोकारवालाहरू सँगको समन्वय र सहकार्य,
- ✶ अन्तर्राष्ट्रिय तालिमको अवसर तथा सिकाइ आदान प्रदान।

**रणनीतिका निर्देशक सिद्धान्तहरू**

गण्डकी प्रदेश स्वास्थ्य तालिम रणनीति निर्माण गर्दा यसका केही मूल निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा रणनीति तथा कार्यनीति तयार गरिएका छन्। प्रस्तुत

निर्देशक सिद्धान्तका आधारमा प्रदेश स्वास्थ्य तालिम रणनीति, २०८०-२०८७ को कार्यान्वयन गरिनेछ।

१. आवश्यकतामा आधारित गुणस्तरीय तालिममार्फत स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच,

२. अन्तर सरकारी तथा बहुपक्षीय सहभागिता, सहकार्य, समन्वय र साझेदारी,

३. स्वास्थ्य जनशक्तिको पूर्वानुमान, प्राप्ति, विकास, उपयोग र उन्नयनका लागि पर्याप्त लगानी,

४. अनुसन्धान र आवश्यकतामा आधारित तालिम पाठ्यक्रम,

५. प्रादेशिक आवश्यकताअनुकूल तालिम प्रत्यायन, नियमन, मानकीकरण,

६. योजनाबद्ध संस्थागत क्षमता विकासका लागि स्वास्थ्य तालिममा नवप्रवर्तन तथा सृजनशीलता,

७. पेसागत सहभागिता, प्राविधिक दक्षता, सार्वजनिक नेतृत्व र व्यवस्थापनसहितको तालिम प्रणाली।

**भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्य**

**भावी सोच**

“दक्ष, सक्षम र सेवा उन्मुख स्वास्थ्य जनशक्तिमार्फत गुणस्तरीय स्वास्थ्य सेवा”

**ध्येय**

प्रभावकारी प्रदेश स्वास्थ्य तालिम प्रणालीको विकास गरी उपयुक्त ज्ञान, सिप एवं पेसागत आचरणप्रति प्रतिबद्ध स्वास्थ्य जनशक्ति सुनिश्चित गर्ने।

**लक्ष्य**

स्तरीय तालिमका माध्यमबाट प्रदेश भित्रका स्वास्थ्य सेवा प्रदायकहरूको ज्ञान, सिप र दक्षता अभिवृद्धि गर्ने।

## उद्देश्य

प्रदेश स्वास्थ्य तालिम रणनीतिका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ;


१. प्रादेशिक आवश्यकताअनुकुल तालिम पाठ्यक्रम, स्रोत विकास तथा परिमार्जन; तालिम मानकीकरण, प्रत्यायन तथा प्रमाणीकरण गर्न मार्गदर्शन प्रदान गर्नु,

२. बहुपक्षीय समन्वय, सहकार्य र साझेदारीमा तालिम प्रणालीको व्यवस्थापन गर्न सहजीकरण गर्नु,

३. मिश्रित सिकाइ पद्धतिअनुरूप नवीनतम प्रविधिमा आधारित तालिम कार्यान्वयन तथा व्यवस्थापनको प्रबन्ध गर्नु,

४. तालिम गुणस्तर नियमन, अनुगमन, अध्ययन-अनुसन्धान तथा दक्षता पुनर्मूल्याङ्कन गर्न संस्थागत क्षमता उन्नयनमा टेवा पुऱ्याउनु।

## रणनीतिक आधार स्तम्भहरू



## रणनीति तथा कार्यनीतिहरू

| **क. रणनीतिक आधारस्तम्भः** तालिम आवश्यकता पहिचान, नवीनता तथा सृजनशीलतामा आधारित योजनाबद्ध तालिम प्रणालीको विकास | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| प्रदेशमा स्वास्थ्य तालिम प्रदायक संस्थाहरूको योजनाबद्ध विस्तार तथा क्षमता विकास गर्ने र तालिम प्राप्त स्वास्थ्यकर्मीहरूको पेशागत वृत्तिविकासमा जोड दिने। | स्वास्थ्य तालिम सञ्चालनमा एकद्वार नीति अवलम्बन गरिनेछ। |
| | स्तरीय स्वास्थ्य-तालिम जनशक्तिको विकास तथा उपयोग गरिनेछ। |
| | तालिमबाट प्राप्त ज्ञान र सिपको कार्यान्वयनमा दिगोपना सुनिश्चित गरिनेछ। |
| | स्वास्थ्य तालिम प्रणालीलाई प्रभावकारी र सबलीकृत बनाउन योजनाबद्ध विकास तथा विस्तार गरिनेछ। |
| स्वास्थ्य तालिम व्यवस्थापनमा समयानुकूल नवीनतम प्रविधिको प्रयोग गर्दै अन्तर्राष्ट्रिय स्तरमा सिकाइ आदान प्रदान गर्ने। | तालिममा वैकल्पिक तालिम दृष्टिकोण (Alternative Training Approach) एवं आधुनिक विधि तथा प्रविधिको प्रयोग गरिनेछ। |
| | आवश्यकता र औचित्यका आधारमा प्रदेश मातहतका स्वास्थ्यकर्मीहरूलाई वैदेशिक तालिममा सहभागी हुने अवसर सृजना र तालिम केन्द्र मार्फत अन्तर्राष्ट्रिय तालिम सञ्चालन गरिनेछ। |
| **ख. रणनीतिक आधारस्तम्भः** तालिममा बहुपक्षिय समन्वय, सहकार्य र साझेदारी | |
| **रणनीति** | **कार्यनीति** |

| | |
|---|---|
| सम्बन्धित निकायहरूबीच आवश्यक सहकार्य, समन्वय तथा साझेदारीमार्फत तालिम प्रदायक संस्थाहरूको प्रत्यायन तथा गुणस्तर नियमनका साथै लागत साझेदारीमा स्वास्थ्यका तालिम सञ्चालन गर्ने। | साझेदारीको सिद्धान्तअनुसार सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच तालिम सञ्जाल विकास र समन्वय गरिनेछ। |
| | स्वास्थ्य परिषद्हरू, शैक्षिक संस्था तथा पेसागत सङ्घ सङ्गठनसँग रणानीतिक सहयोग, समन्वय र सहकार्य गरिनेछ। |
| | सरकारी, निजी तथा गैरसरकारी संस्थासँग लागत साझेदारीमा तालिम सञ्चालन गरिनेछ। |
| **ग. रणनीतिक आधारस्तम्भः** तालिम पाठ्यक्रम तथा स्रोत विकास/परिमार्जन | |
| **रणनीति** | **कार्यनीति** |
| सबै तहका स्वास्थ्यकर्मीको तालिम आवश्यकता पहिचान गरी गरेको आधारमा तालिम व्यवस्थापन गर्नका लागि उपयुक्त पाठ्यक्रम तथा सामग्री विकास एवं आवश्यक स्रोतको व्यवस्था गर्ने। | तालिमको आवश्यकता पहिचान गर्ने, विश्लेषण गर्ने र यसको प्रभावकारी र सक्षम स्वास्थ्य तालिम प्रणालीको योजनाबद्ध विकास र विस्तार गरिनेछ। |
| | गुणस्तर मापदण्डअनुसारका तालिम सामग्रीको विकास, स्तरीकरण ,मानकीकरण तथा अद्यावधिक गर्ने र सहजीकरणलाई प्रोत्साहित गरिनेछ। |
| | तालिमका विषयवस्तुलाई सम्बन्धित विषयको पाठ्यक्रममा समावेश गरी पूर्वसेवा तालिमलाई प्रोत्साहन गरिनेछ। |
| **घ. रणनीतिक आधारस्तम्भः** तालिम मानकीकरण, प्रत्यायन तथा प्रमाणीकरण | |
| **रणनीति** | **कार्यनीति** |

| | |
|---|---|
| प्रदेश तालिम केन्द्रद्वारा सञ्चालन हुने स्वास्थ्य सेवाका तालिम मानकीकरणका लागि आवश्यक सहकार्य तथा समन्वय गर्ने र आवश्यकताअनुसार गुणस्तर मापदण्डका आधारमा तालिम साइटलाई प्रत्यायन तथा प्रशिक्षकहरूलाई प्रमाणीकरण गर्ने। | प्रदेश स्वास्थ्य तालिम केन्द्र अन्तर्गत सञ्चालित र प्रमाणीकरण गरिने तालिमलाई ISO ९००१:२०१५ मान्यता प्राप्त बनाइनेछ। |
| | सम्बन्धित मापदण्ड पूरा गरी प्रशिक्षक तथा तालिम साइटहरूलाई प्रत्यायन र प्रमाणीकरण गरिनेछ। |
| | तालिम साइटको क्षमता, व्यवस्थापनको अवस्था र स्तरोन्नतिको आवश्यकता आकलन/लेखाजोखा गरिनेछ। |
| | प्रदेशको आफ्नै सूचना प्रणालीको विकास गरी तालिम लिएका जनशक्तिको प्रमाणीकरण केन्द्रीकृत सर्भरमा अभिलेख रहने गरी प्रमाणपत्र प्रदान गरिनेछ। |
| **ङ. रणनीतिक आधारस्तम्भः** तालिम कार्यान्वयन तथा व्यवस्थापन | |
| **रणनीति** | **कार्यनीति** |
| प्रदेशको आवश्यकता र प्राथमिकताका आधारमा स्वास्थ्यका विविध विधा र विषयगत क्षेत्रका तालिम कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने। | तालिम सञ्चालनका लागि आवश्यक तालिम साइट, प्रशिक्षक तथा प्रशिक्षार्थीको छनौट/मनोनय, तालिमको प्रकार निर्धारण लगायत कार्यको लागि वस्तुपरक प्रणालीको विकास गरिनेछ। |
| | तालिम व्यवस्थापन चक्रसँग सम्बन्धित सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ। |
| **च. रणनीतिक आधारस्तम्भः** तालिम नियमन, अनुगमन, अध्ययन, अनुसन्धान तथा | |

<table>
<tr><th colspan="2">दक्षता पुनर्मूल्याङ्कन</th></tr>
<tr><th>रणनीति</th><th>कार्यनीति</th></tr>
<tr><td rowspan="4">तालिम नियमन, अनुगमन, अध्ययन/अनुसन्धान तथा दक्षता पुर्नमूल्याङ्कन संयन्त्र विकास गरी तालिमको प्रभावकारितामा अभिवृद्धि गर्ने।</td><td>तालिम नियमन तथा अनुगमनको संयन्त्र विकास गरी नियमित रूपमा अनुगमन गर्नुका साथै सम्बन्धित निकायलाई सो सम्बन्धमा लिखित पृष्ठपोषण प्रदान गरिनेछ।</td></tr>
<tr><td>तालिमसँग सम्बन्धित अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई तालिम केन्द्रको नियमित कार्यसम्पादनको हिस्सा बनाइनेछ ।</td></tr>
<tr><td>तालिम प्राप्त दक्ष जनशक्तिको अद्यावधिक दक्षता पुनर्मूल्याङ्कन संयन्त्रको विकास गरिनेछ।</td></tr>
<tr><td>तालिम प्राप्त जनशक्ति कार्यरत रहेको सेवा प्रदायक संस्थाले तालिमपश्चात भएको उपलब्धिका आधारमा स्वमूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ।</td></tr>
</table>

**कार्यनीति कार्यान्वयनका प्रमुख क्रियाकलापहरू**

<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्रियाकलापहरू</th><th colspan="7">कार्यान्वयन वर्ष</th><th rowspan="2">कार्यान्वयन निकाय</th><th rowspan="2">अपेक्षित परिणाम/ प्रमुख कार्य सम्पादन सूचक</th></tr>
<tr><th>१</th><th>२</th><th>३</th><th>४</th><th>५</th><th>६</th><th>७</th></tr>
<tr><td colspan="11">**रणनीति १:** प्रदेशमा स्वास्थ्य तालिम प्रदायक संस्थाहरूको योजनाबद्ध विस्तार र क्षमता</td></tr>
</table>

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विकास गर्ने र तालिम प्राप्त स्वास्थ्यकर्मीहरूको पेसागत वृत्तिविकासमा जोड दिने। | | | | | | | | | | |
| **कार्यनीति १.१:** स्वास्थ्य तालिम सञ्चालनमा एकद्वार नीति अवलम्बन गरिनेछ। | | | | | | | | | | |
| १.१.१ | प्रदेश मातहतका कार्यालय, स्थानीय तह तथा अन्य सरोकारवालाहरूसँगको समन्वयमा प्रदेशभित्र सञ्चालन हुने स्वास्थ्य तालिमको वार्षिक कार्ययोजना तयार गरी लागू गर्ने। | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | वार्षिक तालिम कार्ययोजना |
| १.१.२ | प्रदेशभित्र स्वास्थ्य तालिम | x | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम | पाठ्यक्रम तथा तालिम स्रोत सामाग्री |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन गर्दा प्रदेश स्वास्थ्य तालिम केन्द्र वा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट स्वीकृत पाठ्यक्रम तथा तालिम स्रोत सामाग्रीको प्रयोग गर्ने। (एकरूपता कायम गर्ने) | | | | | | | | केन्द्र/तालिम प्रदायक | स्वीकृत गर्ने संयन्त्र विकास |
| १.१.३ | विकास साझेदार संस्थाले तालिम सञ्चालन गर्नुपर्ने अवस्थामा | x | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सम्बन्धित संस्था | सबै तालिम स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणीकरण गर्ने संयन्त्र |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्रसँग समन्वय गरी तालिम केन्द्रबाटै प्रमाणीकरण हुने गरी सञ्चालन गर्ने। | | | | | | | | | विकास |
| १.१.४ | प्रदेशभित्र सञ्चालन हुने स्वास्थ्य सम्बन्धी अभिमुखिकरण सम्बन्धित संस्थाले र अन्य स्वास्थ्य सम्बन्धी तालिम स्वास्थ्य | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सम्बन्धित संस्था | तालिम सञ्चालनमा एकद्वार पद्दती लागू भएको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तालिम केन्द्रमार्फत सञ्चालन गर्ने। | | | | | | | | | |
| **कार्यनीति १.२:** स्तरीय स्वास्थ्य-तालिम जनशक्तिको विकास तथा उपयोग गरिनेछ। | | | | | | | | | | |
| १.२.१ | सरकारी एवं गैर सरकारी क्षेत्रमा (प्राज्ञिक समेत) रहेका विषयगत दक्ष तालिम प्रदायकहरूको नक्साङ्कन (Mapping) गर्ने र अद्यावधिक गर्ने। | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | तालिम प्रदायकहरूको नक्साङ्कन |
| १.२.२ | विषयअनुसार प्रशिक्षकहरूको सूची तथा रोस्टर बनाउने र तदनुरूप | x | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / तालिम प्रदायक | प्रशिक्षक रोस्टर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रयोग गर्ने। | | | | | | | | | |
| १.२.३ | रोस्टरमा रहेका दक्ष प्रशिक्षकहरूको भौतिक रूपमा वा भर्चुवल विधिबाट नियमित बैठक गराई तालिममा प्रयोग हुने आधुनिक प्रविधिहरूको बारेमा छलफल गराउने। | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | प्रशिक्षक बैठक माइन्युट |
| १.२.४ | प्रदेश तथा जिल्ला स्तरमा प्रशिक्षक प्रशिक्षण (MTOT/TOT) प्रदान गर्ने, र सिप | | | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | प्रशिक्षक प्रशिक्षण तालिम प्रतिवेदन |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानान्तरणको प्रणाली विकास गर्ने। | | | | | | | | | |
| १.२.५ | प्रशिक्षक प्रशिक्षण (MTOT/TOT) लिएका जनशक्तिको दक्षता कायम राख्न Self-Upgrading तालिम तथा नियमित प्रमाणीकरणको व्यवस्था गर्ने। | | | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | Self-Upgrading तालिम तथा नियमित प्रमाणीकरणको व्यवस्था भएको |
| १.२.६ | तालिमबाट प्राप्त ज्ञान र सिपको उचित प्रयोग गर्न स्वास्थ्यकर्मीलाई तत्-तत् कार्यस्थलमा | | | | x | x | x | x | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय/निर्देशनालय | तालिम प्राप्त स्वास्थ्यकर्मी परिचालन निर्देशिका तयार भई कार्यान्वयन |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | खटाउने, उत्प्रेरित गर्ने र सिप स्थानान्तरणको प्रणाली विकास गर्ने। | | | | | | | | | |
| १.२.७ | तालिमको आवश्यकता, सञ्चालित तालिमको मूल्याङ्कन, तालिमपश्चात् सेवा प्रदायकको कार्य सम्पादन क्षमता, सेवा प्रवाहमा प्रभावकारिता (सेवाग्राहीको सन्तुष्टि), र तालिममा | | x | x | x | x | x | x | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय/निर्देशनालय /गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | तालिममा गरिएको लागत प्रभावकारिता अध्ययन प्रतिवेदन |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गरिएको लगानीको प्रतिफल/लागत लाभ आँकलन गर्ने। | | | | | | | | | |
| **कार्यनीति १.३**: तालिमबाट प्राप्त ज्ञान र सिपको कार्यान्वयनमा दीगोपना सुनिश्चित गरिनेछ। | | | | | | | | | | |
| १.३.१ | तालिमबाट प्राप्त ज्ञान र सिपको कार्यस्थलमा कार्यान्वयन गरेको अनुगमन सूचक बनाउने र अद्यावधिक गर्ने। | | X | X | X | X | X | X | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / स्वास्थ्य निर्देशनालय | अनुगमन सूचक तयार भइ कार्यान्वयन भएको |
| १.३.२ | कर्मचारीलाई तालिमबाट प्राप्त ज्ञान र सिपको कार्य | X | X | X | X | X | X | X | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / स्वास्थ्य | नियमित रूप मा अनसाइट कोचिङ, मेन्टरिङ, |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थलमा प्रयोग गर्न उत्प्रेरित गर्न कार्यस्थलमा अनसाइट कोचिङ र मेन्टरिङ गर्ने। | | | | | | | | निर्देशनालय | तालिम प्रदान |
| १.३.३ | आवश्यकता र सान्दर्भिकता अनुरूप समय समयमा पुनर्ताजगी तालिम प्रदान गर्ने। | | | x | | x | | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | पुनर्ताजगी तालिम सञ्चालन |
| १.३.४ | स्वास्थ्य तालिम सामग्री इ-लाईब्रेरी स्थापना गरी तालिमको गुणस्तर कायम गर्न स्वअध्ययन | | | | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | ई-लाईब्रेरी स्थापना |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गर्ने वातावरण निर्माण गर्ने। | | | | | | | | | |
| **कार्यनीति १.४:** स्वास्थ्य तालिम प्रणालीलाई प्रभावकारी र सबलीकृत बनाउन योजनाबद्ध विकास तथा विस्तार गरिनेछ। | | | | | | | | | | |
| १.४.१ | प्रदेशमा स्वास्थ्य तालिमको नीतिगत सुधार तथा रणनीतिक कार्यान्वयनका लागि तहगत संयन्त्रको विकास गर्ने। | | | x | | | | | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र/ सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | प्रदेश तालिम निर्देशक समिति/ प्राविधिक समिति गठन तथा क्रियाशिल भएको |
| १.४.२ | सबै प्रदेश र सङ्घीय तहमा सरकारी, एवं गैरसरकारी तथा नीजि क्षेत्रलाई समेत समावेश गरी विषयगत | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | तालिमका स्रोत समूह (Resource Pool) तयार गरी सञ्जालीकरण भएको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तालिमका स्रोत व्यक्तिहरूको समूह (Resource Pool) तयार गरी सञ्जालीकरण गर्ने। | | | | | | | | | |
| १.४.३ | प्रभावकारी एवं गुणस्तरीय तालिम सञ्चालन गर्न, तालिमको दोहोरोपन घटाउन तथा तालिममा एकरूपता कायम गर्न प्रदेश स्वास्थ्य तालिम सञ्चालन तथा | | x | | | | | | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | प्रदेश स्वास्थ्य तालिम सञ्चालन तथा व्यवस्थापन निर्देशिका तयार |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन निर्देशिका तयार गरी लागू गर्ने। | | | | | | | | | |
| १.४.४ | तालिमको आवश्यकता पहिचान, तालिम सञ्चालन, प्रभावकारिता मूल्याङ्कन तथा अनुगमन लगायतका कार्यहरूलाई व्यवस्थित गर्न विद्युतीय एकीकृत तालिम सूचना व्यवस्थापन प्रणाली निर्माण तथा | | x | x | | | | | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | विद्युतीय एकीकृत तालिम सूचना व्यवस्थापन प्रणाली निर्माण |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन गर्ने। | | | | | | | | | |
| **रणनीति २ः** स्वास्थ्य तालिम व्यवस्थापनमा समयानुकूल नवीनतम प्रविधिको प्रयोग गर्दै अन्तर्राष्ट्रिय स्तरमा सिकाइ आदान प्रदान गर्ने। | | | | | | | | | | |
| **कार्यनीति २.१ः** तालिममा वैकल्पिक तालिम दृष्टिकोण (Alternative Training Approach) एवं आधुनिक विधि तथा प्रविधिको प्रयोग गरिनेछ। | | | | | | | | | | |
| २.१.१ | स्वास्थ्य तालिम केन्द्र र पेसागत परिषद्हरूसँग को सहकार्यमा निरन्तर पेसागत विकास (Continuous Professional Development) को माध्यमबाट स्वास्थ्य सेवा प्रदायकको क्षमता विकास कार्यक्रम | | | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | निरन्तर पेसागत विकास कार्यक्रम सञ्चालन भएको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन गर्ने। | | | | | | | | | |
| २.१.२ | स्वास्थ्य सेवा प्रवाहको दृष्टिकोणबाट सिप र कार्य स्थानान्तरण (Task shifting) तालिम आवश्यकता पहिचान गर्ने र सोही आधारमा तालिम सञ्चालन गर्ने। | | | X | X | X | X | X | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र /स्वास्थ्य निर्देशनालय | कार्य स्थानान्तरण (Task shifting) तालिम आवश्यकता पहिचान तथा कार्यान्वयन |
| २.१.३ | मिश्रित सिकाइको सिद्धान्तअनुरूप तालिममा नयाँ दृष्टिकोण (New approach), | | X | | | | | | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | मिश्रित सिकाइ विधिबाट हुने तालिम पहिचान तथा कार्यान्वयन |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ढाँचा र उपयुक्त आधुनिक प्रविधिको प्रयोग गर्ने। | | | | | | | | | |
| २.१.४ | दूरशिक्षाका माध्यमबाट तालिम सञ्चालन गर्न निश्चित कार्यविधि तथा मापदण्ड तयार गर्ने। | | X | | | | | | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | दुरशिक्षा तालिम सञ्चालन कार्यविधि/ मापदण्ड निर्माण |
| २.१.५ | Online Modular तालिम पाठ्यक्रम निर्माण गरी तालिम सञ्चालन गर्ने। | | | X | X | X | X | X | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | Online Modular तालिम पाठ्यक्रम तयार |
| **कार्यनीति २.२:** स्वास्थ्य तालिम केन्द्रलाई अन्तर्राष्ट्रिय सिकाइ आदान प्रदान केन्द्रको रूप | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मा विकास गरिनेछ। | | | | | | | | | | |
| २.२.१ | आवश्यकता र औचित्यका आधारमा प्रदेशमातहतका स्वास्थ्यकर्मीह रूलाई वैदेशिक तालिममा सहभागी हुने अवसर सृजना गर्ने। | | X | X | X | X | X | X | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | प्रदेश सरकारको पहलमा वैदेशिक तालिममा सहभागीता भएको |
| २.२.२ | अन्तर्राष्ट्रिय शैक्षिक तथा तालिम प्रदायक संस्थासँग समन्वय तथा सहकार्य गर्ने। | X | X | X | X | X | X | X | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | अन्तर्राष्ट्रिय शैक्षिक तथा तालिम प्रदायक संस्थासँग सम्झौता गर्ने |
| २.२.३ | स्वास्थ्य तालिम केन्द्रमार्फत | | X | X | X | X | X | X | सामाजिक विकास तथा स्वास्थ्य | अन्तर्राष्ट्रिय स्तरका तालिम तथा सिकाइ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्तर्राष्ट्रिय स्तरका तालिम तथा सिकाइ आदान प्रदान कार्यक्रम सञ्चालन गर्ने। | | | | | | | | मन्त्रालय | आदान प्रदान भएको |
| **रणनीति ३**: सम्बन्धित निकायहरूबीच आवश्यक सहकार्य, समन्वय तथा साझेदारीमार्फत तालिम प्रदायक संस्थाहरूको प्रत्यायन तथा गुणस्तर नियमनका साथै लागत साझेदारीमा स्वास्थ्यका तालिम सञ्चालन गर्ने। | | | | | | | | | | |
| **कार्यनीति ३.१**: साझेदारीको सिद्धान्तअनुसार सरकारी, एवं सरकारी तथा निजी क्षेत्रबीच तालिम सञ्जाल विकास गर्ने र समन्वय गरिनेछ। | | | | | | | | | | |
| ३.१.१ | प्रदेशभित्र र प्रदेशबाहिर सरकारी, एवं गैरसरकारी तथा नीजि क्षेत्रमा रहेका स्वास्थ्यसम्बन्धी तालिम प्रदायक | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | तालिम प्रदायक संस्थाहरूको सञ्जाल निर्माण भएको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संस्थाहरूको सञ्जाल निर्माण गर्ने। | | | | | | | | | |
| ३.१.२ | सरोकारवाला निकायहरूसँग समन्वय तथा सहकार्यको लागि सहजीकरण गर्न क्षेत्रगत, विषयगत तथा तहगत तालिम समन्वय एकाइ र सम्पर्क विन्दु निर्माण गर्ने। | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | समन्वय एकाइ र सम्पर्क विन्दु तोकिएर क्रियाशील भएको |
| ३.१.३ | तालिमको आवश्यकता पहिचान, तालिम व्यवस्थापन, गुणस्तर | x | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | तालिमसम्बन्धि अन्तर्क्रिया तथा समीक्षा कार्यक्रम सम्पन्न भएको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नियमन तथा अनुगमनलगाय तका विषयमा सरोकारवालाह रूबीच अन्तर्क्रिया तथा समीक्षा कार्यक्रम गर्ने। | | | | | | | | | |
| **कार्यनीति ३.२**: स्वास्थ्य परिषद्हरु, शैक्षिक संस्था तथा पेसागत सङ्घ सङ्गठनसँग रणानीतिक सहयोग, समन्वय र सहकार्य गरिनेछ। | | | | | | | | | | |
| ३.२.१ | जनशक्ति व्यवस्थापनको कार्यक्रम भएका विश्वविद्यालयह रू तथा तालिमसम्बन्धी अन्य सान्दर्भिक संस्थाहरूसँगको सहयोगमा | | | | | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | आवश्यकता अनुसार तालिम पाठ्यक्रम परिमार्जन |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तालिमहरूको पाठ्यक्रम परिमार्जन गर्ने। | | | | | | | | | |
| ३.२.२ | स्वास्थ्यका सम्बन्धित परिषद्हरूसँग लामो अवधीका तालिमको प्रत्यायन तथा तालिमको मान्यता दिलाउने कार्यमा आवश्यक सहकार्य गर्ने। | x | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | लामो अवधीका तालिमको प्रत्यायन भएको |
| ३.२.३ | निरन्तर पेसागत विकासको अवधारणालाई तालिम प्रदायक | | | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संस्थाहरूको प्रत्यायनसँग आबद्ध गर्ने। | | | | | | | | | |
| ३.२.४ | प्रदेशभित्रका शैक्षिक संस्थामा प्रदेश सरकारका कार्यक्रमलाई आवश्यक पर्ने ज्ञान र सिपका विषय समावेश हुने गरी अतिरिक्त पाठयक्रम समावेश गर्ने, गर्न लगाउने। | | | | | | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | अतिरिक्त पाठयक्रम तयार गरिएको |
| **कार्यनीति ३.३:** निजी एवं गैरसरकारी संस्थासँग लागत साझेदारीमा तालिम सञ्चालन गरिनेछ। | | | | | | | | | | |
| ३.३.१ | प्रदेशमा सञ्चालन हुने स्वास्थ्य | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | सम्बन्धित तालिमहरूको प्रति एकाइ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तालिमहरूको प्रति एकाइ लागत निर्धारण गर्ने। | | | | | | | | / सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | लागत निर्धारण भएको |
| ३.३.२ | सरकारी, निजी एवं गैरसरकारी संस्थासँग लागत साझेदारीमा तालिम सञ्चालन गर्न आवश्यक कार्यविधि तयार गरी लागू गर्ने। | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | सरकारी निजी तथा एवं गैर सरकारी संस्थासँग लागत साझेदारीमा तालिम सञ्चालन भएको |
| ३.३.३ | प्रदेशको आवश्यकताअनुरूप निजी क्षेत्रबाट सञ्चालित सक्षम तथा उपयुक्त | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सामाजिक विकास तथा स्वास्थ्य | निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थामा तालिम साइट विस्तार भएको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्वास्थ्य संस्थालाई सम्बन्धित तालिमको तालिम साइटको रूपमा प्रत्यायन गर्ने। | | | | | | | | मन्त्रालय | |
| **रणनीति ४:** सबै तहका स्वास्थ्यकर्मीको तालिम आवश्यकता पहिचान गरेको आधारमा तालिम व्यवस्थापन गर्नको लागि उपयुक्त पाठ्यक्रम तथा सामग्री विकास एवं आवश्यक स्रोतको व्यवस्था गर्ने। | | | | | | | | | | |
| **कार्यनीति ४.१:** तालिमको आवश्यकता पहिचान गर्ने, विश्लेषण गर्ने र यसको प्रयोगलाई बढाइने छ। | | | | | | | | | | |
| ४.१.१ | "तालिम आवश्यकता पहिचान कार्यविधि" तयार गर्ने। | x | | | | | | | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | "तालिम आवश्यकता पहिचान कार्यविधि" तयार भएको। |
| ४.१ | स्वास्थ्यकर्मीह | | x | x | x | x | x | x | गण्डकी प्रदेश | तालिम |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| .२ | रूको तालिम आवश्यकता पहिचानको लागि प्रदेश, जिल्ला तथा स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्ने। | | | | | | | | स्वास्थ्य तालिम केन्द्र | आवश्यकता पहिचानसम्बन्धि कार्यक्रम सञ्चालन भइ स्वास्थ्यकर्मीका तालिम आवश्यकता विवरण एकत्रित भएको । |
| ४.१.३ | एकत्रित गरिएका स्वास्थ्यकर्मीका तालिमको आवश्यकता सम्बन्धि विवरण विश्लेषण गरी सञ्चालन गरिनुपर्ने तालिमको | | | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | स्वास्थ्यकर्मीको आवश्यकता अनुसारका तालिमको प्रकार र संख्याको यकिन भएको। |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रकार र सङ्ख्याको यकिन गर्ने । | | | | | | | | |
| ४.१.४ | तालिम आवश्यकता विवरण अनुसार उपलब्ध तालिम प्याकेज सञ्चालन गर्नुका साथै उपलब्ध नभएका तालिम निर्देशिका लगायत तालिम सामाग्रिको विकास गर्ने । | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | स्वास्थ्यकर्मीहरूले आवश्यकताअनुसारका तालिम प्राप्त गरेका र उपलब्ध नभएका तालिम निर्देशिकाको तयारी |
| ४.१.५ | नियमित रूपमा तालिम आवश्यकता पहिचान गरी सोही आधारमा | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / स्वास्थ्य निर्देशनालय | स्थास्थ्यकर्मीले आवश्यकताअनुसारको तालिम प्राप्त गरी प्रभावकारी |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तालिम सञ्चालन गर्ने । | | | | | | | | | रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह भएको |
| **कार्यनीति ४.२:** प्रदेश स्वास्थ्य तालिमको संस्थागत संरचनाको क्षमता विकास गरिनेछ। | | | | | | | | | | |
| ४.२.१ | मन्त्रालय, प्रदेश स्तरका स्वास्थ्य सम्बद्ध कार्यालय, अस्पताल, स्वास्थ्य कार्यालय र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा औषधालयमा तालिम सञ्चालन तथा समन्वयका लागि स्रोत | x | x | x | x | x | x | x | मन्त्रालय तालिम केन्द्र र सम्बद्ध निकायहरू | स्वास्थ्य सम्बद्ध निकायमा तालिम स्रोत व्यक्तिको ब्यवस्था भएको। |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्यक्ति तोक्ने । | | | | | | | | | |
| ४.२.२ | तालिममा नवप्रवर्तन र तालिम केन्द्रलाई तालिम व्यवस्थापनमा सहजीकरणका लागि प्रदेश स्तरमा कार्यदिश सहितको एउटा निर्देशनक समिति र एउटा प्राविधिक समिति गठन गर्ने। | x | | | | | | | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | प्रदेशस्तरमा निर्देशक समिति र प्राविधिक समितिको गठन भएको हुने । |

| |
|---|
| **कार्यनीति ४.३ः** गुणस्तर मापदण्डअनुसारका तालिम सामग्रीको विकास, स्तरीकरण ,मानकीकरण तथा अद्यावधिक गर्ने र सहजीकरण प्रोत्साहित गरिनेछ। |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.३.१ | तालिम केन्द्रमा तालिम गुणस्तर नियमन तथा प्रत्यायनसँग सम्बन्धित कार्य गर्न संस्थागत व्यवस्था गर्ने। | x | x | | | | | | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | तालिम केन्द्रमा तालिम गुणस्तर नियमन तथा प्रत्यायन सम्बन्धी संस्थागत व्यवस्था हुने |
| ४.३.२ | तालिम सञ्चालन र तालिम साइटको स्तरीकरण समेतलाई समेट्ने गरी तालिम गुणस्तर मापदण्ड तयार गरी कार्यान्वयन | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | प्रदेश तालिम गुणस्तर मापदण्ड तयार भएको। |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गर्ने । | | | | | | | | | |
| | **कार्यनीति ४.४:** सम्बन्धित विषयको पाठ्यक्रममा सेवा प्रवेशपछि दिइनु पर्ने विभिन्न प्रकारका तालिमका विषयवस्तुहरू समावेश गरी पूर्वसेवा तालिमलाई प्रोत्साहन गरिनेछ। | | | | | | | | | |
| ४.४.१ | स्वास्थ्यसम्बन्धि संकायका विभिन्न विषयका पाठ्यक्रममा सेवा प्रवेशपछि दिइने विभिन्न प्रकारका तालिमका विषयहरू समावेश गरी पूर्वसेवा तालिमलाई प्रोत्साहन गर्नुका साथै तालिम सञ्चालनको क्रममा हुने | | | | x | x | x | x | स्वास्थ्य तालिम केन्द्र र प्रदेश मातहतका विश्वविधालय | विभिन्न विषयका पाठ्यक्रममा सेवा प्रवेश पछि दिइने विभिन्न प्रकारका तालिमका विषयहरू समावेश गरिएको। |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | खर्चलाई कटौती गर्ने । | | | | | | | | | |
| **रणनीति ५:** प्रदेश तालिम केन्द्रद्वारा सञ्चालन हुने स्वास्थ्य सेवाका तालिम मानाकीकरणका लागि आवश्यक सहकार्य तथा समन्वय गर्ने र आवश्यकताअनुसार गुणस्तर मापदण्डका आधारमा तालिम साइटलाई प्रत्यायन तथा प्रशिक्षकहरूलाई प्रमाणीकरण गर्ने। | | | | | | | | | | |
| **कार्यनीति ५.१:** प्रदेश स्वास्थ्य तालिम केन्द्रलाई ISO ९००१:२०१५ मान्यता प्राप्त बनाईने छ। | | | | | | | | | | |
| ५.१.१ | प्रदेश स्वास्थ्य तालिम केन्द्र तथा सो अन्तर्गतका अन्य तालिम साइटहरूलाई ISO ९००१:२०१५ मान्यता प्राप्त बनाउने। | | | x | | | | | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | प्रदेश स्वास्थ्य तालिम केन्द्रअन्तर्गत सञ्चालित तालिमहरू ISO ९००१:२०१५ मान्यता प्राप्त हुने |
| ५.१.२ | ISO ९००१:२०१५ मान्यता प्राप्त | | | | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सामाजिक | योजना तयार हुने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भइसकेपछि सोलाई यथावत राख्न आवश्यकता अनुसार योजना बनाई क्षमता अभिवृद्धि तथा स्वमूल्याङ्कन गर्ने। | | | | | | | विकास तथा स्वास्थ्य मन्त्रालय | |
| **कार्यनीति ५.२:** सम्बन्धित मापदण्ड पूरा गरी प्रशिक्षक तथा तालिम साइटहरूलाई प्रत्यायन र प्रमाणीकरण गरिनेछ। | | | | | | | | | |
| ५.२.१ | तालिम साइट तथा प्रशिक्षकहरूलाई प्रत्यायन र प्रमाणीकरण गर्नका लागि आवश्यक मापदण्डको (टुल्स) निर्माण तथा | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | प्रत्यायन र प्रमाणीकरण मापदण्ड निर्माण भएको हुने |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अद्यावधिक गर्ने। | | | | | | | | | |
| ५.२.२ | स्वास्थ्य सेवाका तालिमका लागि प्रमाणित प्रशिक्षकहरूको रोस्टरको विकास गर्ने र समयानुकूल स्तरीकरण गरी रोस्टरमा हरेक वर्ष अद्यावधिक गर्ने। | x | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | प्रशिक्षकहरूको रोस्टर तयार भएको हुने |
| ५.२.३ | तालिम साइटहरूको समयानुकूल स्तरीकरण गरी हरेक वर्ष अद्यावधिक गर्ने। | | | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | तालिम साइटहरु स्तरीकरण हुने |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५.२.४ | विशिष्टीकृत प्रकारका तालिमहरूका लागि प्रशिक्षकको मापदण्ड तयार गरी कार्यान्वयन गर्ने । | | | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | विशिष्टीकृत तालिमहरूका लागि प्रशिक्षकको मापदण्ड तयार भएको हुने |
| **कार्यनीति ५.३:** तालिम साइटको क्षमता, व्यवस्थापनको अवस्था र स्तरोन्नतिको आवश्यकता आकलन/लेखाजोखा गरिनेछ। | | | | | | | | | | |
| ५.३.१ | तालिम केन्द्रको प्रत्येक वार्षिक योजनामा साइट विस्तारका लागि कार्ययोजना बनाउने। | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | कार्ययोजना तयार भएको हुने |
| ५.३ | प्रत्येक वर्ष | | | | x | x | x | x | गण्डकी प्रदेश | तालिम |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| .२ | अध्ययन/अनुगमन, सुपरिवेक्षणको निष्कर्ष अनुरूप तालिम साइटको स्तरोन्नति, प्रमाणित सूचीमा समावेश गर्ने वा हटाउने प्रावधान लागू गर्ने । | | | | | | | | स्वास्थ्य तालिम केन्द्र | साइटको स्तरोन्नति, प्रमाणित सूची हुने |
| **कार्यनीति ५.४:** प्रदेशको आफ्नै सूचना प्रणालीको विकास गरी तथ्यपरक योजनामा जोड दिइने छ। | | | | | | | | | | |
| ५.४.१ | तालिमसँग सम्बन्धित सूचना तथा तथ्याङ्कको व्यवस्थापनका निम्ति प्रदेश | | x | | | | | | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | सफ्टवेयर निर्माण भएको हुने |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्तरमा अनलाइन सफ्टवेयर (Provincial Health Training Information System) को निर्माण गर्ने । | | | | | | | | | |
| ५.४.२ | अनलाइन सफ्टवेयरमा तालिम साइटको प्रत्यायन प्रशिक्षक प्रमाणीकरण, तालिम प्राप्त जनशक्तिलाई समेटेर निर्माण गरी समयानुसार अद्यावधिक गर्ने। | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | सफ्टवेयरमा अध्यावधिक तथ्यांक हुने |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५.४.३ | सूचना प्रणालीबाट आएको सूचनालाई तालिमको अनुगमन तथा मूल्याङ्कनका टुल्सका रूपमा प्रयोग गर्ने। | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | तालिमको अनुगमन तथा मूल्याङ्कनका टुल्सका रूपमा सूचना प्रणालीको प्रयोग हुने |
| ५.४.४ | अनलाइन सफ्टवेयरबाट आएको सूचनालाई आधार बनाएर आगामी वर्षको वार्षिक कार्ययोजना तयार गर्ने। | | | x | | | | | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | प्रमाणमा आधारित वार्षिक योजना हुने |
| **रणनीति ६ः** प्रदेशको आवश्यकता र प्राथमिकताका आधारमा स्वास्थ्यका विविध विधा र विषयगत क्षेत्रका तालिम कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने। | | | | | | | | | | |
| **कार्यनीति ६.१ः** तालिम सञ्चालनका लागि आवश्यक तालिम साइट, प्रशिक्षक तथा | | | | | | | | | | |

| प्रशिक्षार्थीको छनौट/मनोनय, तालिमको प्रकार निर्धारण लगायत कार्यको लागि वस्तुपरक प्रणालीको विकास गरिनेछ। | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६.१.१ | प्रदेश स्वास्थ्य तालिम व्यवस्थापन कार्यविधि तयार गर्ने। | | x | | | | | | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | कार्यविधि तयार भएको हुने |
| ६.१.२ | प्रदेशमा आवश्यकता पहिचान तथा निर्धारण भएका तालिमको विषयगत क्षेत्र, तालिमका प्रकार, विधि, तथा स्रोतको प्रक्षेपणसहितको बहुबर्षीय तालिम | | | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | बहुबर्षीय तालिम कार्यान्वयन योजना निर्माण हुने |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन योजना निर्माण गरी लागू गर्ने। | | | | | | | | | |
| ६.१.३ | प्रदेशिक स्वास्थ्य नीतिसँग सामञ्जस्य हुने गरी पूर्वसेवा तालिम जस्तै सिप मिश्रित तालिम, मिडवाइफरी जस्ता विशिष्टिकृत तालिमहरूको पाठ्यक्रम तथा तालिम स्रोत सामग्री तयार गर्ने। | | | | | X | X | X | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | विशिष्टिकृत तालिमहरूको पाठ्यक्रम तथा तालिम स्रोत सामग्री तयार हुने |
| ६.१ | प्रादेशिक | | | X | X | X | X | X | गण्डकी प्रदेश | विशिष्टीकृत |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| .४ | स्तरमा तयार भएका विशिष्टीकृत तालिमहरूको पाठ्यक्रम तथा तालिम स्रोत सामग्री अनुरूप तालिम सञ्चालन गर्ने। | | | | | | | स्वास्थ्य तालिम केन्द्र | तालिमहरूको पाठ्यक्रम तथा तालिम स्रोत सामग्री अनुरूप तालिम सञ्चालन हुने |
| **कार्यनीति ६.२:** तालिम व्यवस्थापन चक्रसँग सम्बन्धित सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ। | | | | | | | | | |
| ६.२.१ | वार्षिक रूपमा स्वास्थ्य तालिम व्यवस्थापन चक्रसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापको योजना निर्माण, | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | विस्तृत अभिलेखीकरण र प्रतिवेदन तयार हुने |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन तथा अनुगमन साथै प्रभावकारिता समेतको विस्तृत अभिलेखीकरण र प्रतिवेदन तयार गर्ने। | | | | | | | | | |
| ६.२.२ | तालिम कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका क्रममा प्राप्त पृष्ठपोषण, असल अभ्यास, सफलताको कथा लगायतका टिप्पणी, लेख तथा | x | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | टिप्पणी, लेख तथा बुलेटिनहरू तयार गरी प्रकाशन हुने |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बुलेटिनहरू तयार गरी प्रकाशन गर्ने। | | | | | | | | | |
| **रणनीति ७:** तालिम नियमन, अनुगमन, अध्ययन/अनुसन्धान तथा दक्षता पुनर्मूल्यांकन संयन्त्र विकास गरी तालिमको प्रभावकारितामा अभिवृद्धि गर्ने | | | | | | | | | | |
| **कार्यनीति ७.१:** तालिम नियमन तथा अनुगमनको संयन्त्र विकास गरी नियमित रूप मा अनुगमन गर्नुका साथै सम्बन्धित निकायलाई सो सम्बन्धमा लिखित पृष्ठपोषण प्रदान गरिनेछ। | | | | | | | | | | |
| ७.१.१ | तालिम नियमन तथा अनुगमन कार्यदलले प्रत्येक वार्षिक प्रगति विवरण सहितको प्रतिवेदन तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने। | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र | |
| **कार्यनीति ७.२:** तालिमसँग सम्बन्धित अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई तालिम केन्द्रको नियमित कार्यसम्पादनको हिस्सा बनाइने छ । | | | | | | | | | | |
| ७.२ | प्राज्ञिक | | x | x | x | x | x | x | गण्डकी प्रदेश | प्राज्ञिक |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| .१ | संस्थाहरू, विश्वविद्यालयहरू तथा अनुसन्धानमा विशेषज्ञता राख्ने सङ्घ संस्थाहरूसँग समन्वय तथा सहकार्यमा अनुसन्धान गर्ने । | | | | | | | | स्वास्थ्य तालिम केन्द्र /सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | संस्थाहरूको समन्वयमा वार्षिक रूपमा कम्तीमा एउटा तालिम सम्बन्धी अनुसन्धान भएको हुने |
| **कार्यनीति ७.३:** तालिम प्राप्त दक्ष जनशक्तिको अद्यावधिक दक्षता पुनर्मूल्यांकन संयन्त्रको विकास गरिनेछ। | | | | | | | | | | |
| ७.३.१ | Post training competency follow up tools को विकास गरी आवधिक रूपमा तालिम प्राप्त दक्ष जनशक्तिको | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र / स्वास्थ्य निर्देशनालय | तालिम प्राप्त दक्ष जनशक्तिको अद्यावधिक दक्षता पुनर्मूल्यांकन हुने। |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नियमित दक्षता पुनर्मूल्यांकन गर्ने। | | | | | | | | | |
| ७.३.२ | विशिष्टीकृत सिपसम्बन्धी तालिमका प्रशिक्षकहरूका लागि वार्षिक रूपमा सिप परीक्षणको व्यवस्था गर्ने । | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र /सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | विशिष्टीकृत सिप सम्बन्धी तालिम प्रासकर्मचारीहरूको सिप परीक्षण भएको हुने । |
| कार्यनीति ७.४: तालिम प्राप्त जनशक्ति कार्यरत रहेको संस्थाले तालिमपश्चात भएका उपलब्धिका आधारमा स्वमूल्याङ्कन गर्ने पद्दतिको विकास गरिनेछ। | | | | | | | | | | |
| ७.४.१ | सेवा प्रदायक संस्था स्वयमले चेकलिस्ट तयार गरी स्वास्थ्य कर्मीले तालिम प्राप्त गरे | | x | x | x | x | x | x | गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र /सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | सेवा प्रदायक संस्थाले गरेको स्वःमूल्याङ्कनपश्चात प्राप्त नतिजाको आधारमा समितिको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पश्चातको प्रभावकारिता मूल्यांकन गरी देखा परेका समस्यालाई आवश्यक सम्बोधन गर्ने । | | | | | | | | | बैठकमा छलफल भई स्वास्थ्य सेवामा सुधार भएको हुने |

**रणनीति कार्यान्वयनका लागि स्रोत तथा संयन्त्रगत व्यवस्था**

**वित्तीय स्रोत व्यवस्थापन**

यस रणनीतिको कार्यान्वयन नेपाल सरकार तथा प्रदेश सरकारको वार्षिक बजेटमार्फत गरिनेछ। उपलब्ध बजेट सीमाको परिधिभित्र रही वार्षिक कार्य योजना बनाएर रणनीतिको कार्यान्वयन हुनेछ। यस रणनीतिको कार्यान्वयनका लागि मुख्यतया देहायबमोजिमका वित्तीय स्रोत रहनेछन्।

- सङ्घीय, प्रादेशिक वार्षिक विकास कार्यक्रममार्फत प्राप्त हुने रकम,
- स्थानीय तह, निजी क्षेत्र, प्राज्ञिक तथा विकास साझेदार संस्था मार्फत लागत साझेदारीमा प्राप्त हुने रकम,
- तालिम शुल्कवापत प्राप्त हुने रकम,
- प्रत्यायन तथा सम्बन्धन र प्रमाण पत्रवापतको शुल्क,
- दातृ निकायबाट प्राप्त हुने सहयोग।

**मानव स्रोत व्यवस्थापन**

स्वास्थ्य तालिम केन्द्र र सम्बन्धित तालिम साइटमा कार्यरत कर्मचारी नै तालिम सञ्चालनका लागि मुख्य जनशक्ति तथा स्रोत व्यक्ति हुन्। यसको अतिरिक्त आवश्यकता र औचित्यका आधारमा प्रदेशभित्रका वा प्रदेशबाहिरका सम्बन्धित तालिम सञ्चालनका लागि स्वास्थ्य तालिम केन्द्रको रोस्टरमा सूचीकृत भएका र प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त अन्य संस्थाका व्यक्ति, विषय विशेषज्ञ तथा तालिम विज्ञहरूलाई पनि प्रशिक्षकका रूपमा परिचालन गरिनेछ। प्रशिक्षकहरूको सिप र दक्षतामा क्रमशः अभिवृद्धि गर्दै लगिनेछ।

**रणनीति कार्यान्वयनका लागि संयन्त्रगत व्यवस्था**

प्रदेश स्वास्थ्य तालिम केन्द्रमार्फत कार्यान्वयन हुने तालिम कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी बनाउन साथै नीतिगत मार्गदर्शन एवं समन्वयकोलागि देहायअनुसारका समितिहरू रहनेछन्।

**क. प्रदेश स्वास्थ्य तालिम व्यवस्थापन समिति**

१. सचिव, सामाजिक विकास तथा स्वास्थ्य मान्त्रालय

२. महानिर्देशक, स्वास्थ्य निर्देशनालय

३. महानिर्देशक, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

४. महानिर्देशक, प्रदेश जनस्वास्थ्य प्रयोगशाला

५. निर्देशक, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान,

६. उपसचिव प्रतिनिधि (योजना), मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

७. उपसचिव प्रतिनिधि, प्रदेश नीति तथा योजना आयोग

८. प्रतिनिधि, प्रदेशमा कार्यरत विकास साझेदारमध्ये एक जना

९. महानिर्देशक, स्वास्थ्य तालिम केन्द्र

नोटः समितिको बैठक वर्षमा कम्तीमा एक पटक वा आवश्यकता अनुसार बस्नेछ। समितिको सचिवालय प्रदेश स्वास्थ्य तालिम केन्द्रमा रहनेछ। समितिले आवश्यकता अनुसार विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ। समितिको कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ।

**प्रदेश स्वास्थ्य तालिम व्यवस्थापन समितिका मुख्य जिम्मेवारी देहायबमोजिम हुनेछन्ः**

- आवश्यकतामा आधारित तालिम कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न नीतिगत मार्गदर्शन प्रदान गर्ने,
- तालिमका पाठ्यक्रम तथा स्रोत सामग्री विकास, नीति, रणनीति मापदण्ड एवं गुणस्तर निर्धारण गर्न प्रादेशिक स्वास्थ्य तालिम व्यवस्थापन प्राविधिक समितिलाई निर्देशन दिने,
- प्रादेशिक स्वास्थ्य तालिम व्यवस्थापन प्राविधीक कार्यसमितिले सिफारिस गरेका तालिमका पाठ्यक्रम तथा स्रोत सामग्री विकास, नीति, रणनीति मापदण्ड एवं गुणस्तर निर्धारणसँग सम्बन्धित दस्तावेजहरू आवश्यक संशोधन सहित सम्बन्धित समक्ष आवश्यक कार्यार्थ पेश गर्ने,
- तालिम प्राप्त स्वास्थ्यकर्मीलाई सम्बन्धित कार्यस्थलमा खटिई ज्ञान, सिप र धारणा प्रयोग गर्न अनुकुल तथा सहयोगी वातावरण श्रृजना गर्न पहल गर्ने,
- तालिम कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक स्रोतको पहिचान गर्ने,
- प्रदेशमार्फत सञ्चालित तालिमको गुणस्तर अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण दिने,
- यस रणनीति कार्यान्वयनको आवधिक समिक्षा गर्ने,

**ख. प्रादेशिक स्वास्थ्य तालिम प्राविधिक कार्यसमिति**

१. महानिर्देशक, स्वास्थ्य तालिम केन्द्र -अध्यक्ष

२. महाशाखा प्रमुख, स्वास्थ्य शिक्षा तथा सूचना महाशाखा, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय - सदस्य

३. ब./नर्सिङ प्रशासक, स्वास्थ्य निर्देशनालय - सदस्य

४. प्रदेश मातहतका स्वास्थ्य कार्यालय प्रमुखहरूमध्येबाट समितिले मनोनयन गरेको एक जना - सदस्य

५. प्रदेश मातहतका अस्पताल प्रमुखहरूमध्येबाट समितिले मनोनयन गरेको एक जना - सदस्य

६. प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्थाका प्रमुखहरूमध्येबाट समितिले मनोनयन गरेको एक जना - सदस्य

७. स्थानीय मेडिकल कलेजका जनस्वास्थ्य/सामुदायिक चिकित्सा विभागीय प्रमुख - सदस्य

८. विकास साझेदारहरू मध्येबाट समितिले मनोनयन गरेको एक जना - सदस्य

९. स्वास्थ्य तालिम केन्द्रका तालिम शाखा प्रमुख - सदस्य सचिव

नोटः समितिको बैठक त्रैमासिक रूपमा वा आवश्यकताअनुसार बस्ने छ। छ।समितिको सचिवालय प्रदेश स्वास्थ्य तालिम केन्द्रमा रहनेछ।समितिले आवश्यकताअनुसार विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ।समितिको कार्यविधि समिति आफैले तोके बमोजिम हुने छ।

**प्रादेशिक स्वास्थ्य तालिम प्राविधिक कार्यसमितिका मुख्य जिम्मेवारीहरुः**

- प्रदेशमार्फत सञ्चालित तालिमहरूको व्यवस्थापन गर्न सङ्घ तथा स्थानीय तह, निजी क्षेत्र तथा अन्य सम्बन्धित सरोकारवालहरूसँग सहकार्य तथा समन्वय गर्ने,
- प्रदेश स्वास्थ्य तालिम निर्देशक समितिको निर्देशनअनुसार तालिमका पाठ्यक्रम तथा स्रोत सामग्री विकास, नीति, रणनीति एवं मापदण्ड मस्यौदा तयार गरी स्वीकृतिकालागि पेश गर्ने,
- प्रदेश स्वास्थ्य तालिम निर्देशक समितिले गर्ने प्रमुख कार्यहरू को कार्यान्वयन गर्न आवश्यक सहयोग प्रदान गर्ने,
- प्रदेशको स्वास्थ्य तालिमको आवश्यकता पहिचान गर्न सहयोग गर्ने,
- प्रदेश तथा स्थानीय आवश्यकताअनुसार तालिम प्याकेज निर्माण गर्ने र परिमार्जन गर्न सहयोग गर्ने,
- तालिमको गुणस्तर अनुगमन गर्ने,
- स्थानीय तहसँग तालिमसम्बन्धी कार्यमा समन्वय गर्ने,
- स्वास्थ्य संस्थालाई तालिम साइट बनाउनुपूर्व सो संस्थाको गुणस्तर सुधार प्रणाली पूर्ण रूपमा संस्थागत भएको सुनिश्चित गर्न सहयोग गर्ने,
- तालिम प्राप्त स्वास्थ्यकर्मी भएको संस्थामा तालिम उपयोगिताको लागि स्वास्थ्य संस्थामा आवश्यक भौतिक पूर्वाधार, औजार तथा उपकरण उपलब्ध भएको सुनिश्चित गर्न सहयोग गर्ने,
- प्रदेशस्थित तालिम साइटहरूको अनुगमन तथा मूल्याङ्कन गर्न सहयोग गर्ने।
- प्रदेश स्वास्थ्य तालिम निर्देशक समितिले तोकेका अन्य कार्यहरू गर्ने।

**रणनीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन**

स्वास्थ्य तालिम रणनीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन महत्त्वपूर्ण पक्ष हो। यसले रणनीतिको समग्र कार्यान्वयनको स्थिति मात्र नभई स्वास्थ्य तालिमको अल्पकालीन तथा दीर्घकालीन असर र यसले समग्र स्वास्थ्य क्षेत्रमा पारेको प्रभावको मूल्याङ्कन तथा समीक्षा गर्न सहयोग गर्दछ। यसका साथै निरन्तर अनुगमन तथा मूल्याङ्कनले तालिम प्रदायक संस्थाहरूको स्वामित्व तथा उत्तरदायित्वमा अभिवृद्धि गर्न मार्गनिर्देश प्रदान गर्दछ। यस रणनीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन देहायअनुसार हुने छ।

**अनुगमन प्रक्रिया**

नियमित अनुगमनले रणनीति कार्यान्वयनमा देखिएका कमी कमजोरी हटाई स्तरीय तालिम प्रदान गर्ने अवसरको सृजना गर्नुका साथै स्वास्थ्य सम्बन्धी तालिम सम्पादनमा एकरूपता ल्याउन सहयोग गर्दछ। नियमित अनुगमनवाट प्राप्त परिणामका आधारमा पृष्ठपोषण दिने र कमी कमजोरीलाई सुधार गर्न कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्दछ। अनुगमन प्रक्रियालाई प्रभावकारी बनाउन निर्दिष्ट चेकलिस्ट तथा सूचकहरूको प्रयोग गर्नु पर्दछ।

**मूल्याङ्कन प्रक्रिया**

मुख्यतया मूल्याङ्कन प्रकिया स्वास्थ्य तालिम रणनीति कार्यान्वयन योजनाको आवधिक परीक्षण नै हो। यस अन्तर्गत रणनीतिले निर्दिष्ट गरेका लक्ष्य तथा उदेश्य प्राप्त भए नभएको मूल्याङ्कन गरिन्छ। स्वास्थ्य तालिम रणनीतिका आवधिक लक्ष्य प्राप्तिको परीक्षण विभिन्न समयमा गरिने अनुसन्धान, अध्ययन तथा खोज विधिबाट गरिनेछ। यसका लागि सरोकारवालाहरू को बहुआयामिक विज्ञ समूह तयार गरी रणनीतिको मूल्याङ्कन गरिनेछ र प्रतिवेदनले औँल्याएका उपयुक्त सुझावहरूलाई क्रमशः कार्यान्वयन गरिनेछ। मूल्याङ्कनका लागि प्रमुख आधारहरू अनुसूची १ मा उल्लेख गरिएका छन्।

**समीक्षा**

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले आयेजना गर्ने चौमासिक तथा वार्षिक समीक्षाका दौरानमा यस रणनीतिअन्तर्गत तयार भएको वार्षिक कार्यक्रमहरूको समीक्षा गरिनेछ। साथै तालिम साइट समेतको सहभागितामा तालिमको वार्षिक समीक्षा तथा मूल्याङ्कन गरिनेछ। यस रणनीति कार्यान्वयनको अवस्था सम्बन्धमा गरिएका समीक्षा तथा मूल्याङ्कनबाट आएका सुझाव समेतका आधारमा आगामी वर्षका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

**पृष्ठपोषण**

हरेक विषयगत तालिमका समूहगत प्रशिक्षक एवं सहभागीहरूले तालिम पुस्तिका तथा व्यवस्थापनसम्बन्धी दिएका सुझाव एवं सल्लाहको समीक्षा गरी औचित्यका आधारमा तालिम पुस्तिकामा समावेश गर्दै लगिने छ। आवधिक समीक्षाबाट आएका सुझाव एवं सल्लाहलाई पृष्ठपोषणको रूप मा लिईने छ। त्यसै गरी अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण, प्रत्यायन तथा नियमनको सिलसिलामा प्राप्त सुझाव एवं सल्लाहलाई पृष्ठपोषणका रूपमा ग्रहण गरी तालिम कार्यक्रमलाई व्यवस्थापन गर्दै लगिने छ।

## सन्दर्भ सामाग्री


१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाल सरकार. राष्ट्रिय नीति, २०७६. पेज नम्बर १, ६, १२,१३. [Internet]. २०७६ [ Cited पुस २१, २०७९]. Available from: https://climate.mohp.gov.np/downloads/National_Health_Policy_2076.pdf

२. नेपाल कानून आयोग, नेपाल सरकार. जनस्वास्थ्य सेवा ऐन, २०७५. पेज नम्बर १, ११, १२. [Internet]. २०७५ [ Cited पुस २१, २०७९]. Available from: https://lawcommission.gov.np/np/wp-content/uploads/2021/01/जनस्वास्थय-सेवा-ऐन-२०७५.pdf

३. सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश सरकार. गण्डकी प्रदेश स्वास्थ्य नीति, २०७८. पेज नम्बर १, ७, ११. [Internet]. २०७८ [ Cited पुस २२, २०७९]. Available from: https://hd.gandaki.gov.np/list/source_and_content/प्रदेश%२०राजपत्र%२०:%२०गण्डकी%२०प्रदेश%२०स्वास्थ्य%२०नीति%२०२०७८

४. राष्ट्रिय योजना आयोग, नेपाल सरकार. पन्ध्रौ योजना, २०७६/७७ - २०८०/८१. पेज नम्बर १८८, १९०, ३३४. [Internet]. [Cited पुस २२, २०७९]. Available from: https://npc.gov.np/images/category/15th_Plan.pdf

५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाल सरकार. नेपालको स्वास्थ्य जनशक्ति सम्बन्धी राष्ट्रिय रणनीति २०७७/७८ -२०८६/८७. पेज नम्बर १, २२, २३. [Internet]. [Cited पुस २३, २०७९]. Available from: https://hsodailekh.gov.np/wp-content/uploads/2021/11नेपालको-स्वास्थ्य-जनशक्ति-सम्बन्धी-राष्ट्रिय-रणनीति.pdf

६. आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश सरकार. गण्डकी गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९. पेज नम्बर १, ३१. [Internet]. २०७९ [ Cited वैशाख १८, २०८०]. Available from: http://molcpa.gandaki.gov.np/images/rajpatra/khanda-5/book-type-2/gandaki-province-civil-service-act-2079_1677761351.pdf

७. आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश सरकार. गण्डकी गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९. पेज नम्बर ४३, ४४. [Internet]. २०७९ [ Cited वैशाख १८, २०८०]. Available from: http://molcpa.gandaki.gov.np/images/rajpatra/khanda-5/book-type-2/gandaki-province-civil-service-regulations-२०२३_१६८०७८२३४१.pdf

## अनुसूची

### अनुसूची १ः रणनीति कार्यान्वयनको मूल्याङ्कनका आधारहरू

यस रणनीतिको लक्ष्य हासिल गर्नका लागि उल्लेखित कार्यनीति तथा क्रियाकलापको कार्यान्वयन गर्ने प्रक्रियासँगै प्रगतिको पनि समय समयमा समीक्षा र मूल्याङ्कन गरिनेछ। दिगो विकासका लक्ष्य र राष्ट्रिय तथा प्रदेश स्वास्थ्य नीतिको लक्ष्य प्राप्त गर्न सहयोगी हुने कार्यलाई प्राथमिकीकरण गरी प्रगति अनुगमन तथा मूल्याङ्कन गरिनेछ। यसका अतिरिक्त वार्षिक कार्यक्रमसमेतका आधारमा आवश्यक सूचकहरू परिभाषित गरी रणनीति कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गरिनेछ। सो कार्यका लागि देहायका आधार लिन सकिन्छ।

१. तालिम आवश्यकता पहिचान, तालिम सामग्री विकास तथा स्तरीकरण, दक्ष एवं सिप मिश्रित तालिम सञ्चालन र मापदण्डको आधारमा तालिम साइटहरू को प्रत्यायन तथा नियमन।

२. स्वास्थ्य तालिम केन्द्र र तालिम साइटहरूले अनलाइनमा आधारित एकीकृत तालिम सूचना व्यवस्थापन प्रणालीबाट तालिम कार्यक्रमहरूको रेकर्डिंग र रिपोर्टिङ। तालिम केन्द्रमा ई-लाइब्रेररीको स्थापना।

३. प्रदेशमा रहेका तालिम प्रदायक प्राज्ञिक, विज्ञ एवं विशेषज्ञ, विषयगत विज्ञहरूको नक्साङ्कन (Mapping) गरी रोस्टर तयारी र समयानुकूल अद्यावधिक।

४. रणनीति कार्यान्वयन र सञ्चालनमा रहेका तालिमका सन्दर्भ सामग्री, विधि एवं कार्यक्रमको प्रभावकारिता अध्ययन, अनुसन्धान।

५. विभिन्न स्वास्थ्य संस्थामा निरन्तर पेसागत विकास (Continued Professional Development) कार्यक्रम सञ्चालन र सिकाइको मिश्रित दृष्टिकोण/दूरशिक्षा

(Blended learning approach/Tele-education) जस्ता नवीनतम प्रविधिको प्रयोग गरी निरन्तर पेसागत विकासको अवसर।

**अनुसूची २ः प्रदेश स्वास्थ्य तालिम रणनीति मस्यौदा तर्जुमा कार्यदल**

| नाम | पद | कार्यरत संस्था | जिम्मेवारी |
|---|---|---|---|
| श्री रमेश प्रसाद अधिकारी | नि. महानिर्देशक | स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश | संयोजक |
| श्री प्रशान्त राज शर्मा | ब.स्वास्थ्य शिक्षा अधिकृत | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश | सदस्य |
| श्री रबिना ठगुन्ना | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश | सदस्य |
| श्री अनिल भट्टराई | प्रादेशिक स्वास्थ्य अधिकृत | विश्व स्वास्थ्य सङ्गठन, नेपाल | सदस्य |
| श्री शैलेन्द्र कुमार सिंह | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश | सदस्य सचिव |

आज्ञाले,
डा. विनोद विन्दु शर्मा
प्रदेश सरकारको सचिव ।

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु. १००।-